# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भगवान् बुद्धले भिक्षु संघलाई चारै दिशामा धर्म प्रचारको लागि खटाउनु हुँदै

वर्षः ४२, अङ्कः ८

बु.सं. २५६८, सकिमना पुन्हिः

# श्रद्धेय रत्नमञ्जरी गुरुमांको १२ औं पुण्य तिथिका केही झलकहरू



सामूहिक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू











*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोनः ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२४

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**15th NOVEMBER 2024**

| वर्ष- ४२ | अङ्क- ८ | सकिमना पुन्हि | मंसिर २०८१ |
|---|---|---|---|


**परिजिण्णमिदं रूपं – रोगनिड्ढं पभङ्गुरं**

**भिज्जति पूतिसन्देहो – मरणन्तं हि जीवितं**

**जीर्ण जुयावनीगु थ्व शरीर, रोगया छँ जुयाच्वंगु थ्व शरीर, ध्वगिगनाः भग्न जुयावनीगु थ्व शरीर, म्वानाच्वंपिं फुक्कं मरणं अन्त ज्वीमाःपिं खः ।**

**जीर्ण भएर जाने यो शरीर, रोगको घर हो यो शरीर, कुहिएर भग्न भएर जाने यो शरीर, बाँचिरहने जो कोही पनि सबै मरणपछि अन्त्य हुन्छन् ।**

**Fully worn out is this body, a nest of disease and fragile. This foul mass breaks up, for death is the end of life.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **आवरण चित्र परिचय** | – **स.ना.गो., अनु. वीर्यवती** | २ |
| ३) | **सम्पादकीय- उत्तम एवं भाग्यमानी जीवन** | – | ३ |
| ४) | **भित्री मन कस्तो छ ? – २** | – **सत्यनारायण गोयन्का** | ५ |
| ५) | **स्नेही छोरी "उद्देश्य प्राप्ति"** | – **बर्मी भिक्षु र वे थ्वं महास्थविर** | ८ |
| ६) | **नरक वर्ग** | – **सत्यमोहन जोशी** | १० |
| ७) | **प्राप्त याय्त निर्वाण** | – **नातिकाजी महर्जन** | १० |
| ८) | **दीघनिकायका सूत्रहरूको विश्लेषण-३** | – **कुसलञाणी गुरुमां** | ११ |
| ९) | **बौद्ध-ऋषि महाप्रज्ञा-३** | – **रत्नसुन्दर शाक्य** | १७ |
| १०) | **गृहस्थीको निम्ति आवश्यक चार गृही सुख** | – **प्रदिप शाक्य 'घोषक'** | १९ |
| ११) | **निर्वाण नै महासुख** | – **विद्याकुमारी बज्राचार्य** | २१ |
| १२) | **धर्मकीर्ति समाचार** | – | २२ |


*आवरण चित्र परिचय*

# जाऊ धर्मदूतहरू ! धर्मप्रचारको लागि विचरण गर्नु

✍ **आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवादः वीर्यवती**

जुन सद्धर्म हो, अर्थात् जुन सत्यमा आधारित धर्म हो, त्यो "**स्वाक्खातो**" अर्थात् राम्ररी बुझिने तरिकाले बुझाइएको हुन्छ, सम्झाइएको हुन्छ । यसमा कुनै अल्झाइएको, अलमलाइएको र भ्रामात्मक वा भ्रमपूर्ण कुरा हुँदैन । त्यसैले यहाँ स्पष्ट छ त्यो सद्धर्म हो । सद्धर्म भनेको "**सन्दिट्ठिको**" वा प्रत्यक्ष तवरले सत्यमा आधारित हुन्छ । यो सत्य धर्मलाई पालन गरेको कारणले प्राप्त भएको फल अकालिको वा समय नबित्दै अहिलेको अहिलेनै तत्कालै प्राप्त हुने गर्छ । जसले यो फललाई अलिकलित मात्रै भए पनि अनुभव गर्न पाउँछ, उ चुपचाप बस्न सक्दैन । उसले अरूलाई यस विषयमा बताउन थाल्छ । "**एहिपस्सिको**" वा आऊ तिमीले पनि यसको फल चाखेर अनुभव गर्नु । हेर, यो कति ओपनेय्यिको" अर्थात् पाईला-पाईलामा दुःखमुक्तिको दिशातर्फ लाने गर्छ । "**पच्चतं वेदितब्बो विञ्ञूहि**" अर्थात् प्रत्येक समझदार व्यक्तिको लागि यस धर्मलाई आफैले अनुभव गर्न योग्य छ ।

एक सामान्य साधकले पनि आफैले धर्मलाई अनुभव गरी अरूलाई "**एहिपस्सिको**" आऊ हेर ! जुन शिक्षा सिकिसकेको हुन्छ, उक्त शिक्षालाई आफूमा मात्र सीमित कसरी राख्न सकिन्छ ? त्यसैले उक्त व्यक्तिमा लोकहितको लागि प्रवल भावना जगाउन थाल्छ । भगवान् बुद्धले पनि यही चाहनु हुन्छ । ऋषिपतन मृगदावनमा पहिला वर्षावास पूरा गर्नुभई आश्विनको शरद पूर्णिमाको दिन भगवान् बुद्धले ६० जना धर्मदूत अरहन्तहरूलाई धर्मप्रचार गर्नहुनको लागि प्रोत्साहन दिनुहुँदै भन्नुभयो– "**चरथ, भिक्खवे, चारिकं, बहुजनहिताय बहुजनसुखाय ।**"

संसारमा दुःखीहरूको संख्या धेरै छ । धर्मप्रचार गर्नुपर्ने क्षेत्र पनि धेरै ठूलो छ । त्यसकारण बढी भन्दा बढी मानिसहरूले धर्मको सम्पर्क राख्नसक्ने तरिकाले चारिका गर्नु । फलस्वरूप बढी भन्दा बढी मानिसहरूलाई हीतोपकार हुन सकोस् । उनीहरूलाई सुख प्राप्त होस् । उनीहरूलाई अनुकम्पा राख्दै चारिका गर्नु, धर्म बाँड्नु जसले देवताहरू, मानिसहरू, राजाहरू र प्रजाहरूलाई हित सुख प्राप्त होस् ।

बढी भन्दा बढी मानिसहरूलाई लाभान्वित होस् भन्ने लक्ष राखी एक-एकजना अलग्ग-अलग्ग स्थानमा चारिका गरी धर्मप्रचार गर्नु । कुनै पनि बाटोबाट एकजना धर्मदूत मात्र जाने गर्नु दुईजना धर्मदूत नजानु ।

*( क्रमशः पेज ४ मा हेर्नुहोला )*

▪ सम्पादकीय ▪

# उत्तम एवं भाग्यमानी जीवन

साधारणतया संसारमा २ स्वभावका प्राणीहरू पाइन्छन् ।

१) **उत्तान** –

यस समूहका प्राणीले आफूसंग भएका नराम्रा एवं खराब प्रवृत्तिलाई लुकाउन र धाकछोप गर्न जाँदैनन् । खराब र असल प्रवृत्तिलाई उनीहरूले चिन्न पनि सक्दैनन्, छुट्टाउन पनि जाँदैनन् । त्यसैले यिनीहरूमा चित्त सुद्धि विषयमा ज्ञान नै हुँदैन । फलस्वरूप चित्त शुद्ध गरी मुक्ति मार्ग प्राप्त गर्ने कार्य यिनीहरूबाट सम्भव नै हुँदैन । पशु पंक्षीहरू र जनावर स्वभावका सम्पूर्ण प्राणीहरू यस समूहमा पर्दछन् ।

२) **गहण** –

आफूसँग भएका खराब बानी व्यवहारहरू र गलतीहरू गोप्य रूपमा लुकाएर राख्न सक्ने प्राणीहरू । मानिसहरू यस समूहमा पर्दछन् । आफूमा लुकेर रहेका काम वासना र क्रोध जस्ता खराब एवं दूषित बानी व्यवहार उत्पन्न हुन लागेपनि स्थान एवं समय हेरी त्यसलाई प्रकट हुन नदिई धाकछोप गरी लुकाउन जान्ने प्राणीहरूको जातमा मानिस नै पर्दछ । यसरी नै समाजले के भन्ला भन्दै लाज र भय (हिरी, ओतप्प) को कारणले ती कार्यहरू आफूबाट हुन नदिने राम्रो स्वभाव पनि मानिसमा नै हुन्छ । तर जब यस्तो राम्रो स्वभावलाई पनि मतलब नै नराखी लाज र भय पचाएर खराव मनको वहाकावमा परी दूषित मनलाई नियन्त्रण नै नगरी आफ्नो स्वार्थपूर्ण स्वभाव अगाडि सारी खराब कार्य गर्न थाल्छन्, तब त्यस्ता व्यक्तिको रूप मानिसको भएपनि उसको खराब व्यवहारले उसलाई नीच र पशु भन्ने गरिन्छ । यस्ता पशु स्वभावलाई आफ्नो मनबाट उखेलेर फाल्नुका लागि र मुक्त एवं पवित्र जीवन जीउनको लागि संसारको अनित्य, दुःख र अनात्म (त्रिलक्षण स्वभाव) लाई अध्ययन गर्न अत्यावश्यक छ । यसको लागि विपश्यना ध्यान भावना गर्न पनि आवश्यक छ । यो कार्य प्रज्ञा सहितका मानिसले मात्र गर्न सक्छ ।

यी बाहेक यस संसारमा तीन थरीका मानिसहरू पनि छन् ।

१) **शूरा** –

शूरा समूहका मानिसहरू धेरै प्रकारका कार्यक्षेत्रहरूमा दक्ष एवम् कुशल हुन्छन् ।

२) **वीर** –

वीर समूहका मानिसहरूले आफ्नो जीवनमा जतिसुकै बाधा अड्चन आएपनि आफूले गर्न लागेको कार्य पूरा नभएसम्म डटेर लागि पर्छन् । बीचमा निराश भएर कार्य त्याग्ने स्वभाव यिनीहरूमा हुँदैन ।

३) **धैर्यवान्** –

धैर्यवान् समूहका मानिसले आफ्नो जीवनमा आइपर्ने सुख, दुःख, लाभ, अलाभ, यश, अपयश, निन्दा र प्रशंसा जस्ता अष्टलोक धर्मले आफ्नो मन कम्प हुन नदिई अगाडि बढ्ने गर्छ । पछि हट्दैन ।

यी बाहेक हाम्रो समुदायमा अर्का २ थरीका मानिसहरू पनि हुन्छन् ।

१) **चञ्चल स्वभाव** –

चञ्चल स्वभावका मानिसहरू पञ्च इन्द्रिय द्वारहरू (आँखा, कान, नाक, जीब्रो र शरीर) बाट मन बाहिर पठाई पञ्चकाम सुख अर्थात् भौतिक सुखलाई नै प्राथमिकता दिने गर्छन् । जबकि भौतिक सुखबाट अध्यात्मिक सुख (मनको सुख) प्राप्त हुन सक्दैन । हाम्रो सफल जीवनको लागि भने आध्यात्मिक सुख नै आवश्यक हुन्छ ।

२) **दृढ स्वभाव** –

दृढ स्वभावका ज्ञानी व्यक्तिहरू चञ्चल र असंयमी हुँदैनन् । उनीहरू मनको बसमा होइन मनलाई आफ्नो अधिनमा राखी होशियारी र सतर्क रहने हुन्छन् ।

माथि उल्लेखित विभिन्न स्वभावका मानिसहरू मध्ये आफ्नो अमूल्य जीवन सार्थक र भाग्यमानी बनाउन बुद्ध शिक्षालाई अभ्यास गर्न अत्यन्त जरूरी छ । भगवान् बुद्धले भन्नुभएको छ–


**सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानुशासनं**

सबै प्रकारका पाप कर्महरू नगर्नु । कुशल कार्यहरू गर्नु र आफ्नो चित्त शुद्ध गर्नु । *(क्रमशः पेज ४ मा)*

यस बुद्ध शिक्षानुसार हामीले आफ्नो स्वार्थ पूर्तिको लागि आफ्नो मन, वचन र शरीरद्वारा अरूको मन, धन, शरीर र यशकीर्तिमा हानी पुऱ्याउने नियतले काम गर्नुभएन, कुरा गर्नु भएन र योजना पनि बनाउनु भएन । किनभने ती सबै पाप कार्यहरू हुन् । आफ्नो तर्फबाट अरूको जीवनमा उपकार हुने कार्यहरू गर्नुपऱ्यो । यति गरेर मात्र पुग्दैन आ-आफ्नो चित्तलाई दूषित गर्न भएन शुद्ध गर्नुपऱ्यो ।

यस बुद्ध शिक्षालाई हाम्रो जीवनमा उतार्ने हो भने हामीले भगवान् बुद्धले पत्ता लगाउनु भएको आर्य अष्टाङ्गिग मार्गलाई पालन गर्न अत्यन्त जरूरी छ । विपश्यना ध्यानको माध्यमबाट संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई यथार्थ रूपमा बुझी आ-आफ्नो चित्तमा लुकेर बसेका लोभ, द्वेष र मोहरूपी दूषित भावनालाई खोतल्दै यसको जरा समेत उखेलेर फाल्न सक्षम हुन परेको छ । यस्तो अवस्थामा पुगेपछि मात्र हामी साँचो अर्थमा भाग्यमानी हुनेछौं । किनभने यस अवस्थामा मात्र हाम्रो मन शुद्ध हुनेछ । भगवान् बुद्धले सिकाउनु भएको मूल शिक्षा नै शुद्ध चित्तमा अडिएको छ । मानिसको जन्ममा मात्र यो कार्य गर्न सम्भव हुन्छ । त्यसैले हामीले यस्तो अमूल्य मौका गुमाउन नपरोस् । यथाशक्य चाँडै भगवान् बुद्धले दिनुभएको अमूल्य ज्ञानलाई पालन गरी आ-आफ्नो चित्त शुद्ध गर्न सकौं र साँचो अर्थमा उत्तम एवं भाग्यमानी बन्न सकौं ।

भवतु सब्ब मंगलम् ।



## आवरण चित्र परिचय

**"मा एकेन द्वे अगमित्थ"**

अर्थात्- प्रत्येक धर्मदूत अलग अलग्ग मार्गबाट एक्लै जानु, फलस्वरूप बढी भन्दा बढी मानिसहरूमा धर्मको सम्पर्क गाँसिने छ उनीहरूलाई धर्म सिक्ने मौका मिल्नेछ ।

बहुजनलाई धर्म सिकाऊ, सम्झाऊ । केवल शब्दमा मात्र होइन । बल्कि स्पष्ट रूपले अर्थ सहित सम्झाउनु "**सात्थ सब्यञ्जनं**" केबल उपदेश दिएर सैद्धान्तिक रूपले मात्र होइन, बल्कि यस ब्रह्माचरण अर्थात् धर्म आचरणलाई आफ्नो जीवनमा उतारी यसलाई क्रियात्मक रूपमा प्रकाशन गर्नु । "**ब्रह्मचरियं पकासेथ**" ।

सार्वजनीन धर्म विषयमा धर्मदेशना गर्नु, जुन धर्म सबैको साझा हो । कुनै सम्प्रदाय विशेषको होइन । त्यसैले त यसलाई धर्म भनियो । बौद्ध धर्म होइन । सार्वजनीन धर्म त्यस्तो हो जुन धर्मले (आदि) भूतकालमा पनि कल्याण गर्दै आएको छ, वर्तमान (मध्य) अवस्थामा पनि कल्याण गरिरहेको छ, र (अन्त) भविष्यकालमा पनि कल्याण गर्नेछ । अर्थात्- शील पालनले कल्याणकारी अवस्था सृजना गर्दछ भने समाधी अभ्यासले पनि कल्याणकारी अवस्था सृजना गराउँछ र प्रज्ञाबाट पनि कल्याणकारी अवस्था नै सृजना गराउँछ ।

जुन व्यक्ति शील पालन कार्यमा परिपक्व हुन्छ, उसको समाधि महाफल दायिनी हुन्छ । जुन व्यक्ति समाधिमा परिपक्व हुन्छ, उसको प्रज्ञा महाफलदायिनी हुन्छ । जुन व्यक्ति प्रज्ञामा स्थित हुँदै स्थितप्रज्ञ हुन्छ, त्यस व्यक्ति दुःखमुक्त हुनेछ । भवमुक्त हुनेछ । मुक्तिको यो फल कुनै सम्प्रदायविशेषका व्यक्तिहरू बिच मात्र सीमित हुँदैन बल्कि सबैको लागि हो ।

शील, समाधि, प्रज्ञाको यो आर्य अष्टाङ्गिक मार्गिय विपश्यना धर्म सधैं परिपूर्ण हुन्छ । यसमा अन्य कुनै ज्ञान जोड्न आवश्यक छैन । जोड्दा दूषित हुनेछ । मलीन हुनेछ । यो धर्म सधैं परिशुद्ध हुन्छ । अशुद्ध ठानी यसबाट केही झिकिन्छ भने यो धर्म क्षीण हुनेछ दुर्बल हुनेछ ।

यस विषयमा बुझाउनु हुँदै भगवान् बुद्धले भन्नुभएको छ– "भिक्षुहरू ! "**लोकानुकम्पाय**" अर्थात् अरूहरूप्रति अनुकम्पा राखी, बहुजन हितको लागि, बहुजन सुखको लागि विचरण गर्नु । *श्रोतः बुद्धकालीन चित्रावली*

# भित्री मन कस्तो छ ? - २



✍ सत्यनारायण गोयन्का

कसैलाई दाद छ वा महारोग छ। त्यस ठाऊँमा कन्याउने मन हुन्छ। जति कन्याउँछ त्यति दुख्छ। तैपनि कन्याउन छोड्न सक्दैन। कन्याउनु नै आसक्ति हुन गयो ब्यसन झैं भयो। त्यस्तै तृष्णाको ब्यसन हुन्छ। एउटा तृष्णा पूरा भयो तुरून्त अर्को तृष्णा देखा पर्छ। वस्तु, ब्यक्ति, स्थितिको प्रति तृष्णा जाग्छ। त्यो प्राप्त भयो अब फेरि अर्को चाहियो। जुन प्राप्त भयो त्यो बासी भयो, पुरानो भयो। नयाँ अर्को चाहियो। यो त पिंध नभएको वाल्टिन हो, जुन कहिल्यै भरिंदैन।

तृष्णा माथि तृष्णा, तृष्णा माथि तृष्णा। घरमा नयाँ सामान आयो धेरै राम्रो कुरा हो। तर छिमेकीको घरमा यो छ, त्यो छ भनेर देख्छ तब मेरो घरमा पनि ल्याउनु पऱ्यो भन्ने चाहना हुन्छ। उसको घरमा यस्तो छ, त्यस्तो छ म संग छैन, त्यो पनि ल्याउनु पऱ्यो। फेरि तृष्णा माथि तृष्णा। अरु भन्दा किन कमी हुने, अरु भन्दा एक इन्च माथि रहूँ भन्ने धारणा हुन्छ। उसको यति ब्यापार हुन्छ, मेरो पनि त्यति हुनै पर्छ। जति तृष्णा, त्यति ब्याकुल, ब्याकुल नै ब्याकुल। तृष्णाबाट ब्याकुल हुनु फेरि त्यस तृष्णा प्रति आसक्त भएर ब्याकुल हुनु; मानौं तीतो करेला, जुन स्वयं तीतो छ र त्यसमा फेरि नीमको रस राख्यो भने तीतो माथि तीतो हुन्छ। तृष्णाको प्रति आसक्ति जाग्यो भने दुःखको पहाड बन्छ।

एउटा आसक्ति उत्पन्न हुन्छ - 'म' को प्रति मेरो को प्रति। ठूलो आसक्ति हन्छ कि म यस्तो, म त्यस्तो कसैले म को बारेमा केही उल्टा सिधा भन्यो भने कति नराम्रो लाग्छ, गाली दिन्छौं ? कति विकार बनाउँछौं र कति ब्याकुल हुन्छौं। किनकि म को प्रति कति धेरै आसक्ति भयो, कति गहिरो आसक्ति भयो। त्यस्तै कसैले यस मको बारेमा केही उल्टो काम गरिदियो भने कति रिसाउँछौं, ब्याकुल हुन्छौं। किनकि म प्रति यति धेरै आसक्ति भईसक्यो। ब्याकुल नै हुन्छौं। यो मेरो घडी, मेरो यस्तो महङ्गो घडी। यहाँ त किन्न नै पाईदैन। विदेशबाट किनेर ल्याएको हो। यस्तो राम्रो मोडलको, महङ्गो घडी, राम्रो घडी। एकदिन होश नभएर भूईंमा खस्यो र फुट्यो भने रुनु मात्र आउँछ, मेरो घडी फुट्यो, यस्तो राम्रो मोडलको घडी, विदेशबाट ल्याएको घडी, यहाँ त बनाउन नै पाउँदैन। रुनु मात्र छ।

त्यस्तै एउटा घडी, त्यही मोडलको, त्यस्तै महङ्गो घडी मेरो साथीले लगाईराखेको थियो। एकदिन उसको बेहोसीले त्यो भूईंमा खस्यो र फूट्यो। अब रुनु आउँदैन। त्यो पनि त त्यस्तै महङ्गो घडी थियो नि। तर रुनु आउँदैन, बरु उसलाई उपदेश दिन थाल्छ कि तिमीले राम्ररी हेर विचार गरेर राख्नु पर्थ्यो। त्यो त विदेशबाट ल्याएको घडी, त्यसको सामान त यहाँ पाईंदैन, अब रुनु-धुनु आउँदैन, उपदेश दिन थाल्छ। संसारमा महङ्गो घडी फुटेको कारणले कोही पनि रुँदैन। मेरो घडी फुटेको कारणले मात्र रुन्छ। मेरो प्रति जति गहिरो आसक्ति छ, जति धेरै आसक्ति छ त्यति नै धेरै ब्याकुल हुन्छ, त्यति नै रुनु आउँछ। यो प्रकृतिको नियम हो। जहाँ आसक्ति छ, त्यहाँ रुनु आउँछ। जहाँ आसक्ति छ, त्यहाँ ब्याकुलता हुन्छ। आसक्ति पचास रुपियाँको बस्तुको प्रति होस् अथवा सय करोड रुपियाँको होस्। आसक्ति आसक्ति नै हो। त्यति नै रुनु आउँछ। केही फरक पर्दैन।

एउटा घटना। त्यस समय म बर्माबाट भारत आएको थिएँ, नयाँ थिएँ। यस्तो केन्द्र त बनेको थिएन। कसैले भन्यो भने ठाऊँको प्रवन्ध मिलाई शिविर चलाउथें। अहिले पनि यस्ता शिविरहरू हुन्छन् किनकि साधना केन्द्र त गन्न सकिने संख्यामा मात्र छन्। केन्द्रहरू बनिरहेछन्। त्यस्तै राख्नु पऱ्यो भने कुनै धर्मशालामा, स्कूलमा, होस्टलमा शिविर चलाइन्थ्यो। एकजना मेरो साथी, सर्व-सेवा संघका ठूला नेता थिए। बर्मामा रहँदा नै हामी परिचित थियौं। यहाँ भारतमा पनि भेट भयो। उसले, राजस्थान, जहाँ

तिम्रो पुर्खाको ठाऊँ हो त्यहाँ एउटा शिविर लगाउनु पर्छ भनेर भने । हुन्छ, ठाउँको व्यवस्था गर्नु, हामी सिकाउन आउँछौं भनें । उसले ठाउँ खोजेर बामनवाड नामको एउटा सानो गाऊँमा शिविर लगायो । यस्तो सानो गाऊँ, त्यहाँका निवासीहरू एक दुईजना थिए बाँकी त बाहिरबाट आएकाहरू थिए । शिविर शुरू भयो । त्यस शिविरमा नजिकैको एउटा शहर बाट आएकी एक जना बूढी आईमाई पनि शिविरमा बसेकी थिई । बूढी एकदम प्रसन्न भएर, निष्ठा पूर्वक काम गरिरहेकी थिई । एकदिन बिहानको ध्यान पछि आफ्नो कोठामा गएकी के थिई एकाएक चिच्याई-चिच्याई कराउन थाली । सेवामा बसेकाहरू दौडी गए कि उनलाई कहीं साँपले त डसेन अथवा बिच्छुले डस्यो कि ? बुढी रोईरह्यो, सबैले सोधे कि बुढीआमा के भयो ? उनी शिविरमा बस्न घरबाट आउँदा एउटा सानो थैलीमा बीस-पच्चीस रुपियाँ राखेकी थिई, पचास बर्ष पहिले उनको विवाहमा चाँदीको एउटा गहना दाइजोमा पाएको थियो, त्यो पनि उसले त्यही थैलीमा राखेकी थिई र घरबाट आउने बेला छिमेकीले मिठाई दिएको थियो त्यो पनि त्यसै थैलीमा राखेकी थिई । "जब जब म ध्यान गर्थे त्यसलाई खुट्टाको मुनि राख्थें, सुत्दा पनि तकिया मुनि राख्थें । आज हलमा ध्यान गर्न आएको थिएँ त्यो ल्याउन बिर्से । अब छैन कसैले लिएर गएछ, म लुटें, मेरो सारा धन लुट्यो ।" बुढी आमा रोई रह्यो, रोई रह्यो ।

सबैले सम्झाए, बूढी आमा तिम्रो बीस पच्चीस रुपियाँ नगद र बीस पच्चीस रुपियाँको गहना । त्यस्तै पचास रुपियाँको होला, हामी त्यति रुपियाँ जोडेर दिन्छौं । तपाईं राम्रो काम गरिरहनु भएकोछ, काम गर्नु । बूढी आमा कहाँ मान्नु रोईरह्यो, रोईरह्यो । उनको हातमा पैसा नहुञ्जेल, रुवाई रोक्ने छैन, विचारी काम नगरी बसिरहेछ भन्ने सोची पैसा जम्मा गर्न थाले । करीब सय रुपियाँ पैसा जम्मा भयो, लौ, अब त खुसी होऊ । कहाँ खुसी हुनु, म के गरौं यस पैसाको ? मेरो त्यो गहना, जुन मेरो विवाहमा पाएको थियो त्यो कहाँबाट आउँछ ? कसैले भनेको मानेन, दिन भरी रोईरह्यो । साँझ पख एउटा बाँदरले रुखमा वसेर थैलीबाट निकाल्दै रोटी खाईरहेको कसैले देखे । बाँदरलाई धपाई त्यो गहना ल्याई दिएपछि उसको रुवाई बन्द भयो । रुनु चाहे पच्चीस रुपियाँको गहनाको लागि होस् अथवा सय करोडको, केही फरक हुँदैन । आसक्ति कति छ ? जति गहिरो आसक्ति त्यति बढी रुवाई हुन्छ । व्यवहार जगतको लागि 'म' 'मेरो' भन्नु पर्छ, त्यो भिन्न कुरा हो । तर 'म' को प्रति आसक्ति भयो भने, 'मेरो' को प्रति आसक्ति भयो भने ज्यादै ब्याकुल हुन्छ ।

त्यस्तै एउटा अर्को घटना । उत्तर प्रदेशको एउटा गाऊँमा एउटा शिविर राखें । गाऊँ वासीहरू आए । नजिकै शहरबाट पनि केही मानिसहरू आए । शिविर भईरहेको थियो । दिउँसो बाह्र बजेदेखि एक बजेसम्म साधकहरूका केही समस्या छन् भने भेट्ने समय थियो । त्यस बेला एकजनालाई दश मिनेट समय दिइन्थ्यो । शिविरार्थीहरू कम हुन्थे । अब त दश मिनेट समय दिन गाह्रो भयो । एक जना सन्यासी पनि नजिकैको शहरबाट ध्यान बस्न आएका थिए । गोयन्काजी, दश मिनेटमा मेरो प्रश्नको समाधान हुन सक्दैन, मलाई त आधा घण्टा समय चाहिन्छ भनेर भन्न थाले । मैले भने, "होईन, म समय दिन सक्दिन । मलाई थाहा छ तपाईं के कुरा गर्नुहुन्छ । कुनै न कुनै दार्शनिक मान्यताको बारेमा कुरा गर्नु हुन्छ । यस्तो आत्मा हुन्छ । यस्तो परमात्मा हुन्छ । दुईटै एउटै हो । वा दुई अलग अलग हुन् । आदि आदि । मलाई यी कुराहरू गर्नु छैन । यो विद्या त मनको बिकार निकाल्ने विद्या हो । यो काम तपाईंलाई ठीक लाग्छ भने गर्नुहोस् । दार्शनिक बहस गर्न म संग समय छैन ।" ओहो ! गुरुजी यति दिन भईसक्यो तपाईंसंग साधना सिक्दैछु, मैले राम्ररी जानीसकें कि यी कुराहरू सबै काम नलाग्ने हुन् । म त्यसको कुरा गर्दिन । मलाई त साधनाको बारेमा नै कुरा गर्नुछ पाँच- दश मिनेटमा हुन सक्दैन । मलाई आधा घण्टा समय दिनुहोस् । जसोतसो आधा घण्टा समय निकालेर दिएँ । दुई चार मिनेट त साधनाको बारेमा कुरा गरे । मलाई यस्तो भयो, मैले यस्तो अनुभव गरें । यस्तो किन भएन आदि, इत्यादि । फेरि तुरुन्त विषय बदलेर कुरा गर्न थाले । गोयन्काजी, जुन शहरबाट ऊ आएको थियो, त्यस शहरमा तपाईंको एउटा मठ छ । अरे, मेरो मठ ? म त्यस शहरमा कहिले पनि गएको छैन ? मेरो मठ त्यहाँ कसरी हुन्छ ? मठ त सन्यासीहरूको हुन्छ । म त गृहस्थ हुँ । गृहस्थ हुनुको यति ठूलो प्रमाण साथमा (माताजी) राखेर बसेको छु । त मेरो मठ कसरी हुन्छ ? ओहो, गोयन्काजी ! तपाईं बुझ्नु होस् न । तपाईंको मठ, तपाईंको मठ । तपाईंको मठमा जुन तपाईंको हात्ती रहन्छ

नि । मेरो हात्ती ? मलाई गजब लाग्यो । मेरो मठ, मेरो हात्ती ? यो के भनिरहेछ । ऊ भन्छ, गोयन्काजी बुझ्ने कोशीश गर्नुस् न, गोयन्काजी । यत्तिकैमा कुरा बुझें । भारत देश महान देश हो । यहाँ धेरै प्रकारका मानिसहरू रहन्छन् । यस्ता मानिसहरू पनि छन् जस्ले "म" नभन्ने "मेरो" नभन्ने ब्रत लिएका हुन्छन् । जब जब "म" भन्नु पर्‍यो तब "तपाईं" भन्ने । आफ्नो मुखले 'म' नभन्ने, 'मेरो' नभन्ने । 'मेरो' भन्नु पर्‍यो भने 'तपाईको' भन्ने । अब कुरा बुझ्यो । ठीक छ मेरै मठ मेरै हात्ती । भन के भयो ? त्यहाँको एउटा मठमा उसले एउटा ठूलो घर बनाएछ, घर बनाउन नगरपालिकाको स्वीकृती लिएको रहेनछ । अब नगरपालिकाले घर भत्काउने आदेश दिएछ । र शहरको बीचमा हात्ती राख्न पाउँदैनथ्यो । शहर भन्दा बाहिर राख्नु पर्थ्यो । उस्ले शहरको बीचमा हात्ती राखेको थियो । नगरपालिकाले हात्तीलाई त्यहाँबाट निकाल्ने आदेश दियो । गोयन्काजी ! त्यस हात्तीलाई बचाउनुस् । उसले कसैबाट सुनेको रहेछ कि नगरपालिकाको नगर प्रमुख बर्मा जाँदा केही दिन हाम्रो घरमा पाहुना बनेर रहेको थियो । तपाई उसलाई केही शब्द लेखेर दिनुस् । तपाईंको हात्ती बच्नेछ, तपाईंको मठ बच्नेछ । तपाईंको भन्छ 'मेरो' भन्दैन । घरबार त्यागेको सन्यासी छ । "म" भन्दैन, "मेरो" भन्दैन । तर कति धेरै आसक्ति छ, कति व्याकुल छ । प्रकृति यस कुरालाई हेर्दैन कि यो आसक्ति पैदा गर्ने व्यक्ति कोही सन्यासी हो कि गृहस्थ हो । उसले पहेंलो लुगा लगाएको छ कि सेतो लुगा लगाएको छ । रातो लगाएको छ कि कालो लुगा लगाएको छ । केही हेर्दैन । यो व्यक्ति जो आसक्ति पैदा गर्दैछ ऊ आफूलाई हिन्दू भन या बौद्ध भन अथवा इसाईं वा मुस्लिम भन, केही फरक पर्दैन । आफूलाई भारतीय भन, पाकिस्तानी भन वा अमेरिकन भन केही फरक पर्दैन । आसक्ति जागेको छ । आगो माथि हात राखेको छ भने जल्छ नै । यो त प्रकृतिको नियम हो । संसारको कानून हो । त्यसैको खोजी भित्र गर्नुछ ।

हामी आगो माथि हात कसरी राख्छौं । बाहिरबाट हेर्दा त यस्तो कारणले, त्यस्तो कारणले भन्छौं । यो हात्ती, यो मठ, यो घडी, यो फलानो, यो ढिस्कानो भन्छौं । भित्र त आसक्ति नै छ । रुनु त आसक्तिबाट हुन्छ । आसक्ति भएर पनि रुनु नआउनु, यो हुने कुरा होईन । एउटा शर्तमा हुनसक्छ । धेरै आसक्ति भएर पनि ब्याकुलता आउँदैन । कहिले यस्तो हुन्छ ? जब यो म, यस बस्तु स्थिति, व्यक्ति स्थितिलाई हमेशा "म" भोगिरहेछु यो "म" हमेशा कायम भईरहोस्, यस्तै प्रकारले रहिरहनु, नष्ट नहोउन् र जुन मैले भोगीरहेको छु त्यो वस्तु, त्यो व्यक्ति, त्यो स्थिति त्यो पनि त्यस्तै कायम भईरहोस् । अनन्तकाल सम्म यस्तै बाँढिरहुन् । जुन बस्तु वा ब्यक्तिको प्रति आसक्ति जागेको छ त्यो अनन्तकाल सम्म कायम भई रह्यो भने किन रुने ? चाहे आसक्ति भईर होस् । तर यस्तो कहाँ हुन्छ र ? जसलाई मेरो, मेरो भन्छु, हेर्दा हेर्दै नष्ट हुँदै जान्छ । आफू असहाय रही केही गर्न सक्दनै । यदि त्यो नष्ट नभए पनि 'म' नष्ट हुँदै जान्छ । चाहे त्यो सारा त्यस्तै रहोस् । जब जब बिछोड हुन्छ रुन आइरहन्छ । यही प्रकृतिको नियम हो । जहाँ उपादान हुन्छ, आसक्ति हुन्छ, त्यहाँ रुनु आईहाल्छ । किन कि त्यो पनि अनित्य हो । जसलाई म भनिरहेछु त्यो पनि अनित्य हो । जसलाई मेरो भनिरहेछु त्यो पनि अनित्य हो । तब रुनु बाहेक के आउँछ ।

यदि आसक्ति अलिकति पनि रहेन भने रुने कराउने पनि आउँदैन । संसारमा अनासक्त रही आफ्नो जिम्मेवारी पूरा गर्दै रहने तर आसक्ति नगर्ने, नटाँसिने । जीवन जिउने तरीका सिकिन्छ । यो त धर्मको जीवन भयो नि । निर्मल चित्तको जीवन भयो, अनासक्तिको जीवन भयो । यस्तो गर्नको लागि नै अन्तरमुखी हुन्छौं । यस्तो विद्या सिक्नको लागि नै अन्तरमुखी हुन्छौं । आसक्ति कहाँ आउँछ ? आसक्ति आए पनि बढेको त छैन ? त्यसको समाधान कसरी गर्ने भन्ने सिक्दै सिक्दै आसक्ति टाढा हुँदै गयो भने दुःख पनि टाढा हुँदै जान्छ । अनासक्ति आउँदै रह्यो भने सही अर्थमा सुख आउँदै जान्छ । जो ब्यक्ति यस विद्यामा पारंगत हुँदै जान्छ, उसको नै मगंल हुँदै जान्छ । कल्याण नै कल्याण । मंगल नै मंगल । मुक्ति नै मुक्ति ।

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५६६,*
*२०७९ आषाढ, वर्ष-३९, अङ्क-३)*

❀

**बुद्धहरूको उपदेश**

**- "श्रद्धावान्, शीलवान् र यशका भागी व्यक्ति जहाँ गए पनि सम्मान सत्कारको पात्र बन्दछ ।"**



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## २२. उद्देश्य प्राप्ति

*लेखक-* **वर्मी भिक्षु र वे थवं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

सन् १९६२ को डिसेम्बर २ तारिखका दिन, तदनुसार २०१९ मंसीर १७ गते रंगूनको गभायीस्थित सिरिमङ्गल भूमिस्थलको छैठौं संगायन महापासाण गुफामा, संयुक्तराष्ट्र बर्माको क्रान्तिकारी सरकारद्वारा गठित तक्षशीला समितिको आयोजनामा उद्घाटित, पालि तक्षशीला आचार्य परिक्षा सम्बन्धी सभामण्डलबाट, 'शासनधज धम्माचरिय' उपाधि प्राप्त गरेकी, एउटी विदेशी अनगारिका (शीलवती) लाई त्यहाँ उपस्थित जनपरिषदले साधुकार दिई अभिनन्दन गऱ्यो । उनी मोलमिनमा 'मानिपो' (नेपाली केटी) भनेर ख्याति पाएकी अनगारिका धम्मवती थिइन् ।

शाक्यमुनि बुद्धको जन्मभूमि भएतापनि, विशुद्ध बुद्ध-वचनबाट वञ्चित हुनगएको नेपालमा, पुनः विशुद्ध बुद्ध-वचनको प्रचार-प्रसार कार्यमा सक्दो योगदान पुऱ्याउने उद्देश्यले प्रेरित भएर 'शासनधज धम्माचरिय' उपाधि पाउनमा सफल भएकी धम्मवती चाँडै नै नेपाल फर्कनेछ भन्ने कुरो कुनै पनि बौद्धका लागि खुशीकै कुरा भएतापनि केही बर्मी जनसमुदाय धम्मवतीलाई तुरुन्तै नेपाल फर्काउनमा अनइच्छुक थिए । उनीहरूको मनस्थलमा धम्मवती सधैंभर बर्मामै रहोस् भन्ने भावना नभएतापनि, उनी अझै केही वर्ष बर्मामा बसे हुन्छ भन्ने चाहना थियो । उक्त कुरो धम्मवतीलाई चारैतिरबाट घेरेर उनीसँग विभिन्न तरिकाले प्रश्न गरिरहेका पत्रकारहरू तथा दायक-दायिकाहरूको प्रश्न गराइबाट प्रष्टिएको थियो ।

विभिन्न प्रश्नकर्ताहरूले उठाएका थरिथरिका अनेक प्रश्नहरूको मूल सार – "आफ्नो उद्देश्य प्राप्तिको रूपमा 'शासनधज धम्माचरिय' उपाधि पाइसकेकाले, धम्मवती अब छिट्टै नेपाल फर्कंदैछिन् भनी भएको हल्ला सत्य हो कि होइन ? गम्भीर त्रिपिटकको अनुगामी भई, विमुक्ति सत्य धर्मको राम्ररी रसपान गर्न-गराउन सक्ने हुने गरी, पालि अट्ठकथा टीका आदि अनेक ग्रन्थहरूको पनि अन्वेषण गर्ने विचार धम्मवतीको छ कि छैन ? धम्मवती 'शासनधज धम्माचरिय' अर्थात् 'बुद्धशासनको ध्वजा फरफराउनमा सक्षम' भन्ने उपाधिसम्मको परियत्ति शिक्षा (सैद्धान्तिक ज्ञान) मात्रै लाभ गरेर नेपाल फर्कने छिन् कि प्रटिपत्ति भावना (सिद्धान्तलाई व्यवहारमा अपनाउने तरिका) पनि अभ्यास गरेर मात्र नेपाल फर्कने छिन् ?" – भन्ने थियो ।

अनि धम्मवतीले विभिन्न प्रश्नकर्ताहरूको प्रश्नलाई सुहाउने गरी दिएका उत्तरहरूको निचोड – "धम्मवतीका आमा-बुबा तथा ज्ञाति-बन्धुहरू सबै धम्मवती चाँडै नेपाल आवोस् र विशुद्ध बुद्ध-धर्मको प्रचारकार्यमा सक्रिय रूपमा लागोस्, भन्ने चाहन्छन् । यसै सन्दर्भमा, उनीहरूबाट धम्मवतीका लागि काठमाण्डौमा एउटा विहारको व्यवस्था गर्ने कार्य समेत हुन गइरहेको छ । तर नेपालमा थेरवादी बुद्ध-धर्मको प्रचार कार्यमा राम्रो सफलता पाउनलाई बर्माबाटै एकजना अनुभवी र सुयोग्य सहकर्मी पनि धम्मवतीको साथमा नेपालमा लैजाने व्यवस्था हुनु अति उत्तम हुने अनुभव सबैले गरेको छ । यस्तो व्यवस्था हुनुका साथै अन्य थुप्रै ब्यवस्थाहरू मिलाउन घटिमा पनि अर्को एक वर्षको समय व्यतित हुन जानेछ । त्यस अवधिभरमा धम्मवतीले पालि तक्षशीला परिक्षा अन्तर्गतका उच्चस्तरीय पालि अध्ययन गर्ने छिन् र साथै प्रटिपत्ति भावनाको पनि सक्दो अभ्यास गर्ने छिन् ।" – भन्ने थियो ।

उपरोक्त आशयको अन्तरवार्ता कार्य धेरै लामो समयसम्म चलिरह्यो । त्यस अवधिभरमा धम्मवतीले,

आफ्नो सहिष्णुता, गम्भीरता र वैचारिक परिपक्वताको भरपुर प्रदर्शन गरिन् ।

अन्तरवार्ताक्रममा, दर्शकको रूपमा, धम्मवतीको चारैतिर झुमिरहेका सर्वसाधारण जनमानसमा यस प्रकारको मनोभावना उत्पन्न भइरहेको थियो – "यी मानिपो (नेपाली केटी) कुनै दिन, लुकिछिपी घरबाट भागेर, अनकन्तार कण्टकमय जंगलको बाटो गरी बर्मामा पसेकी थिइन् ।

त्यस भयानक, कष्टपूर्ण यात्राको दौरानमा यिनका ती दुई आँखाहरूबाट, कति आँसु चुहेका होलान् ? कति भय, त्रास र पीडाका भावहरू व्यक्त भएका होलान् ? तर आज, वर्षौंको अनुभव र अभ्यासपछि परिपक्व भएका यिनै आँखाहरूबाट, यसरी सहिष्णुता, परिपक्वता र दूरदर्शिता व्यक्त हुन सकिरहेका छन् । ...

यी मानिपो (नेपाली केटी) उहिले उनका आफ्नै आमा-बुबाकी मात्र स्नेही छोरी थिइन् । अब यिनी परियत्ति (सैद्धान्तिक ज्ञान) र प्रटिपत्ति (ज्ञान अनुसारको व्यवहार गर्ने अभ्यास) दुबै क्षेत्रमा परिपक्व भएर आफ्नो जन्मभूमिमा सही तरिकाले थेरवादी बुद्ध शासनको रश्मि फैलाउनमा सफल हुनेछिन् र आफ्ना आमा-बुबाकी मात्र होइन सिङ्गो नेपाल देशकी र साथै बुद्ध शासनकी पनि स्नेही छोरी हुनेछिन् ।" ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
बि.सं. २०११
फागुण २ गते

*मदुगु न्हि :*
बि.सं. २०८१
आश्विन २२ गते

**उपासिका छोरी महर्जन**

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुजः व सुलक्षण कीर्ति विहार मिसा पुचःया नकिं उपासिका **छोरी महर्जन** दिवंगत जुयादिल । वय्‌कलं थःगु जीवनय् यानादीगु कुशल कर्मया पुण्य शक्तिं सुगति लिसें निर्वाण हेतु प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
धर्मकीर्ति विहार, श्रीघः नघः यें

**बुद्धहरूको उपदेश**

- **"साधुसन्तहरू टाढा बसे पनि हिमालय झैं चम्कन्छ, असत्पुरुषहरू रातको अन्धकारमा छोडेको वाण झैं देखिँदैन ।"**

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | मिति | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरूमांहरू |
|---|---|---|---|
| १ | २०८१ आश्विन २५ गते, शुक्रवार, अष्टमी | सुवण्णवती | सुवण्णवती |
| २ | २०८१ आश्विन ३० गते, बुधवार, श्रीघः पुन्हि | जवनवती | जवनवती |
| ३ | २०८१ कार्तिक १ गते, बिहिवार, कतिं पुन्हि | खेमावती | धम्मवती |
| ४ | २०८१ कार्तिक ९ गते, शुक्रवार, अष्टमी | अमता | अमता |
| ५ | २०८१ कार्तिक १६ गते, शुक्रवार, औंशी | अमता | त्यागवती |

**बुद्धहरूको उपदेश**

- **"एउटै आसनमा बस्ने र एउटै शैय्यामा सुत्ने आलस्य रहित तथा एक्लै विचरण गरेर आत्म दमन गर्ने व्यक्ति आनन्द पूर्वक जङ्गलमा बास गर्दछ ।"**

— • धम्मपद • —

# नरक वर्ग



*भावानुवाद :* **सत्यमोहन जोशी**

असत्यपिं व 'यानानं मयाना' धाइपिं मनू ।
नर्के वनी, सिना हानं लिपा समान ज्वी छनू ॥१॥

काषाय वस्त्र कंठे तै परन्तु ज्वी असंयमी ।
अकर्तव्य फलं पापं नरक बास ज्वी इमी ॥२॥

असंयमी व दुश्शील जुया अन्न नयां बरु ।
अग्नि-शीखा सरी तप्त नँग्वारा नय्‌गु योग्य जू ॥३॥

प्रमादी, परस्त्रीगामी व्यक्तिया प्यंगु दै गति ।
अपुण्य-लाभ, कू निन्दा, दुःखि निन्द्रा व दुर्गति ॥
अझ अपुण्यगू लाभ त्रासं अत्यल्पगू रति ।
दण्डनं ज्वी अकें तोती परस्त्री गमने मति ॥४,५॥

मज्वोंसा कुश बांलाक ल्हाती घाःपा जुया च्वनी ।
'सन्यास धर्म' बांलाक मयासा नरके यनी ॥६॥

शिथिल कार्यया पाखें, मल युक्त ब्रतं, अझ ।
अशुद्ध ब्रह्मचर्यनं प्राप्ति ज्वी मखु सो फल ! ॥७॥

याय्‌मागु कार्य छं द सा कोशिस या पराक्रमं ।
रागादि 'धू' सदा ब्वेकी प्यानुम्ह परिब्राजकं ॥८॥

पापकर्म मयाना भिं, पापीया अनुताप ज्वी ।
धर्म कर्म ज्वना ज्वी भिं धर्मीया अनुताप फ्वी ॥९॥

सिमान्त देशया किल्ला दुनेपिने सुरक्षित ।
जूथेंनतुं सदा याय्‌मा थःत थःमं सुरक्षित ॥
समय धैगु धौछीहे सितिंजा छ्वे मज्यू थन ।
सितिं छ्वोसा, लिपा स्वाकं शोक ज्वी नरके अन ॥१०॥


माथाय्‌ धासा मछा धाई, स्वाथाय्‌ हानं मछा धका ।
मिथ्या धारण यापिन्त दुर्गति प्राप्त ज्वी सदा ॥११॥

निर्दोषे दोष भापा तै, दोषय्‌ निर्दोष तै तथा ।
मिथ्या धारण यापिन्त दुर्गति प्राप्त ज्वी सदा ॥१२॥

दोषय्‌ दोष, तथा हानं अदोषय्‌जा अदोषहे ।
धका थ्वीका सदा कापिं प्राणीया बास स्वर्गहे ॥१३॥




# प्राप्त याय्‌त निर्वाण



✍ **नातिकाजी महर्जन**
*पूच्व यल*

संसार ताःहाकः कल्पौं कल्प तक
अनित्यगु थ्व संसारया भूमरिं मजु मुक्त आःतक
जन्म जुक्को ज्वीमाः थ्व स्वभाव
बुद्ध बियाबिज्याःगु ज्ञान नं त्रिलक्षण स्वभाव
मरण लिपा हानं हानं जन्म ज्वीमाःपिं
जन्म हे कायम्वाःगु गुबले खः झीपिं
अनित्यताया थ्व जीवनयात म्हसीके मफयाः भुलेजुयाच्वन
मिथ्या जीवनयात हे सारगु जीवन ताय्‌काच्वना
याकन हे थ्व दुःखया भूमरीं मुक्त ज्वीगु स्वय्‌माल
दुःखयात दुःख हे धकाः थ्वीकाः भिंगु लँपु ज्वनेमाल
म्हसीकेनु भिंगु लँपु ज्ञान कयाः सत्पुरुषपिनिगु
त्वःतेनु मभिंगु ज्याखें न्यना ज्ञान सत्पुरुषपिनिगु
बुद्धं स्यनाबिज्याःगु ज्ञान छ्यलेनु जीवने सदानं
धर्म चित्तं स्वाय्‌नु यानाः पुण्य कार्य सदानं
पुण्ययुक्त सुखयात म्हसीकाः त्वःतेनु लोभ व मोहयात
मैत्रीयुक्त व्यवहार यानाः वांद्वय्‌नु अज्ञानी द्वेषयात
मंस व क्वेंया पञ्जः थ्व शरीर दनिबले प्राण
विपश्यना ध्यान याय्‌नुं प्राप्त याय्‌त निर्वाण

# दीघनिकायका सूत्रहरूको विश्लेषण–३



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**५. कूतदन्त सुत्त :**

मगध देश खाणुभत भन्ने ठाउँमा चारिका गरी रहनुहुँदा कूतदन्त ब्राह्मणले महायज्ञ गर्न तयार गरिराखेको दृश्य वर्णन गरिएको छ । १६ प्रकारले युक्त त्रिविध यज्ञ सम्बन्धी प्रश्न गर्नु हुन्छ । र महाविजित राजाको अतीतकथा जहाँ अहिंसामय छ, जहाँ कुनै काटमार, हिंसा नगरी, घ्यू, तेल र दही आदि मात्र राखेर यज्ञ बारे वर्णन गरिएको छ । बुद्धले यज्ञ गर्दा दान यज्ञ, त्रि-शरण यज्ञ, शिक्षापद यज्ञ, शील यज्ञ देखि समाधि यज्ञ, प्रज्ञा यज्ञसम्म सम्मिलित गरी ब्याख्यान गर्नु भयो । र यो उपदेश सुनेर कूतदन्त ब्राह्मण आश्रव मुक्त हुन्छ ।

**६. महालि सुत्त :**

महालि लिच्छिवीले ३ वर्षसम्म चीवर लगाई भिक्षु भएका सुनक्खतको भिक्षुत्व त्याग्नुको बारेमा चर्चाबाट सूत्रको सुरुवात भएको छ । बुद्धले सुनक्खत दिव्य श्रोत प्राप्त गर्ने उद्देश्यले प्रव्रजित भई ३ वर्ष सम्म ज्ञान नपाउँदा पलायन भएको घटनालाई बताउनु हुन्छ । अनि बुद्धले प्रव्रजित (भिक्षु) ब्रह्मचर्य जीवनको उद्देश्य दिव्य शब्द सुन्ने नभई योग-विभूतिलाई प्राप्त गरी सदाचारयुक्त जीवन अभ्यास गरी यथार्थ सत्यलाई साक्षात्कार गरी निर्वाणको मार्गमा नजिकिँदै विस्तारै तृष्णारूपी क्लेश क्षय गरी दुःखबाट मुक्त हुने कुरा बताउनु भएको छ । त्यस्तै महालिलाई आत्मवाद सम्बन्धी मुण्डिय र जालियको कथा सुनाउँदै निर्वाण धर्मको लागि मध्यममार्ग वा आर्यअष्टाङ्गिक मार्गलाई दैनिक जीवनको व्यवहारमा अभ्यास गर्दै जानु पर्ने आज्ञा गर्नु भएको छ ।

**७. जुलिय सुत्त :**

यो सूत्र बुद्धले कौशाम्बीको घोषितारामामा विराजमान हुँदा परिव्राजक दारूपात्रिकका दुई चेलाहरू जालिय र पाण्डियहरूको प्रश्नको कारण देशना गर्नु भएको थियो । ती दुई चेलाहरूले जीव र शरीर त्यहीँ/त्यहीँ वा अरू/अरू हो भनी प्रश्न गर्नु हुँदा बुद्धले जीव र शरीरको भेद-अभेदको कुरा गर्नु अर्थ युक्त छैन, ब्यर्थ छ बरू शील, समाधि, प्रज्ञाको विश्लेषण शिक्षा निरन्तर दैनिक जीवत ब्यवहारमा अभ्यास गर्दै जीवनको मूल तत्व साक्षात्कार गर्न ध्यान दिनुपर्ने कुरा बताउनु भएको छ । र अज्ञानी, अन्धविश्वासमा परेका पुद्गलमा यी प्रश्न उठ्ने स्वाभाविक हो तर क्षीणास्रवमा यी प्रश्न उत्पन्न हुँदैन । किनभने उहाँहरू मिथ्यादृष्टिलाई सम्पूर्ण रूपमा निर्मूल पारी अन्तरदृष्टिबाट यथार्थ र वास्तविकतालाई राम्रोसँग जान्ने सामर्थ्यवान् भई सकेका हुन् भनी आज्ञा गर्नु भयो ।

**८. महासीहनाद सुत्त :**

बुद्धले सबै तपश्याहरूलाई निन्दा गर्छन भनी प्रश्नोत्तर बारे यस सूत्रमा उल्लेख गरिएको छ । काश्यप अचेल (नग्न) ले उजुञ्ञा गाउँको कण्णकत्थलको मृगदावनमा विराजमान बुद्धलाई तपश्या निन्दा गर्नु हुन्छ भनी सोध्नु हुँदा राम्रो पक्ष, नराम्रो पक्षलाई बुझ्नु जीवन उपयोगी हो भने विचार विमर्श गर्नु पर्ने कुरालाई जोड दिइएको पाईन्छ । श्रमणत्व वा ब्राह्मत्वको वास्तविक अर्थ नै चित्त विशुद्धि गरी वैरी नभई मैत्री भावनालाई निरन्तरता दिनु नै हो । शरीरलाई दुःख कष्ट दिई आचरण गर्नु अनर्थक वा आध्यात्मिक महत्व नभई शील सम्पत्ति, चित्त सम्पत्ति र प्रज्ञा सम्पत्तिलाई साक्षात्कार गर्न सक्दैन । बरू मध्यममार्ग रूपी आर्यअष्टाङ्गिक मार्गको अभ्यास गर्नु जीवन सुखदायी हुन्छ भन्ने कुरा ब्याख्या गरी राखेको छ । यस सूत्रबाट बुद्धकालीन साधना बारे थाहा पाउन पनि मदत मिल्दछ ।

**९. पोट्ठपाद सुत्त :**

मल्लिकराममा परिव्राजक पोट्ठपादले गरेको प्रश्न – अभिसंज्ञा कसरी निरोध हुन्छ ? के कारणले पुरूष संज्ञा (चित्त) उत्पन्न हुन्छ, निरुद्ध हुन्छ, संज्ञा नै पुरूष आत्मा हो ? आदि बारे जवाफ दिँदै अन्धविश्वास मात्रै हुन भनी

अनुपम साधनाको व्याख्यान गरी नै निरोध समापत्ति अवस्थालाई पनि देखाएको छ। र १० अव्याकृत प्रश्न जस्तै लोक नित्य हो ? कि अनित्य हो ? जीव र शरीर एउटै हो वा अर्कै अर्कै हो ? यी सबै न अर्थ उपयोगी हुन्छ न धर्म उपयोगी न ब्रह्मचर्य न शान्ति र अभिज्ञा निम्ति न सम्बोधिको निम्ति नै हुन्छ भनी अनर्थक र अकरणीय भनी बताउनु भएको छ। बरू व्याकृत विषय दु:ख यो हो ? यो दु:खको कारण, यो दु:खको निरोध, यो दु:ख निरोध गर्ने मार्ग नै व्याकृत भनी बताउनु भएको कुरा उल्लेख गरी राखेको छ।

१०. **सुभ सुत्त** :

भगवान् बुद्धको परिनिर्वाण पछि श्रावस्ती जेतवनाराम तोदेय्य पुत्र सुभ माणवकले आनन्द भन्तेलाई भगवान् बुद्ध कुन धर्मवादी हुनुहुन्छ ? कुन धर्मलाई ग्रहण गर्नु हुन्छ ? कुन धर्ममा जनतालाई प्रतिष्ठित गर्नु हुन्छ ? प्रश्न गर्नु भएको कुरा उल्लेख गरेका छन्। भिक्षु आनन्दले – बुद्धले बहुजन हित, बहुजनको सुखको निमित्त प्रतिपादन गरेको आर्य शील, आर्य सामाधि, आर्य प्रज्ञाको उपदेश गरिरहेको र अनित्यभाव विकास गरी चित्त एकाग्रताबाट ५ नीवरण धर्म हटी ५ ध्यान अंग (वितर्क, विचार, प्रीति, सुख र एकाग्रता) प्राप्त गर्ने कुरा बताउनु भएको छ।

११. **केवट्ट सुत्त** :

केवट्ट गृहपतिले बुद्ध नालन्दा पावारिक आम्रवनमा रहनु हुँदा उत्तरी मनुष्य धर्म वा ऋद्धि प्रातिहार्य गर्न आज्ञा हुनुभयो भनी बुद्ध समक्ष प्रार्थना र त्यस प्रार्थनालाई बुद्धले सिधै अस्वीकार गरेको घटनालाई उल्लेख गरिराखेको छ। र भगवान् बुद्धले एक भिक्षुको कुरा औलाउँदै चारमहाभूत निरोध कहाँ हुन्छ भनी देव, ब्रह्मलोकमा गई प्रश्न गरेको घटना उल्लेख भएको पाईन्छ। त्यस्तै कुनै ब्रह्माले यसको जवाफ दिन असक्षम भई फेरि बुद्धलाई प्रश्न गर्नु हुँदा विज्ञानस्कन्धको निरोध हुँदा चार महाभूत निरोध हुन्छ र विज्ञान शान्त हुँदा नामरूप शान्त हुन्छ भन्ने कुरा यस सूत्रबाट थाहा पाउन सक्दछौं।

१२. **लोहिच्च सुत्त** :

कोशल देशको सालवति नदि तीरमा लोहिच्चको वार्तालापलाई यस सूत्रमा समावेश गरी राखेको छ। रोसिका दासीले लोहिच्च मिथ्यादृष्टिकबारे बुद्धलाई भन्नु हुँदा सत्यको साक्षात्कार बिना दिएको उपदेश अनर्थ र प्रभाव हीन हुन्छ र ज्ञान प्राप्तिको अवसर सबैलाई हुनुपर्छ भन्ने उपदेशबाट लोहिच्चको धारणा सम्यक भई उपासकत्व ग्रहण गरेको कुरा यस सूत्रमा उल्लेख गरिएको छ।

१३. **तेविज्ज सुत्त** :

बुद्ध अचिरवती (राप्ती) नदिको किनारामा विराजमान हुँदा वाशिष्ठ र भारद्वाज ब्राह्मण बीच ब्रह्म लोक प्राप्तिको लागि बाटो बारे विवाद उत्पन्न हुन्छ र यसको निराकरणको लागि बुद्ध समक्ष जाने निधो गर्दछन्। बुद्धले वेदका रचियता, त्रैविद्य ब्राह्मणहरूले पनि यसको ज्ञान नभएको कुरा औंल्याउँदै उपमाद्वारा सविस्तार भन्नु भएको घटना यसमा उल्लेख गरी राखेको छ। बुद्धले ब्रह्मलोकको प्राप्तिको लागि चतुब्रह्म विहार (मैत्री, करुणा, मुदिता र उपेक्षा) अत्यावश्यक भएको उपदेश गर्नु भयो र उपदेश सुनेर दुबै आजीवन उपासकत्व ग्रहण गरे।

**ख) महावग्ग** :

१. **महापदान सुत्त** :

श्रावस्ती जेतवनाराममा भिक्षुहरूको बीचमा पुनर्जन्मको चर्चा र परचर्चा गरी बोधिसत्व अवस्थाका ६ तथागत विपश्वी, सिखी, वेस्सभू, ऋकुच्छन्द र कोणागमन बुद्ध बारे व्याख्या गरिराखेको छ। र अपदान भनेको पुरानो व्यक्तित्वको चरित्र चित्रणलाई बुझ्नु पर्दछ। जसमा विशेषत: विपश्वी तथागतको जीवनीपक्षलाई जोड दिँदै उहाँको जात, गोत्र, गर्भमा प्रवेशलक्षण, गृहत्याग, प्रव्रज्या, बुद्धत्व प्राप्ति, धर्म प्रचार देखि परिनिर्वाण सम्मको संक्षिप्त जीवनी प्रस्तुत गरिएको छ भने विपश्वी बुद्धले संघलाई व्यवस्थित गर्न प्रातिमोक्ष देशना, विधि विधान आदि बारे स्पष्ट हुने गरी बताउनु भएको छ।

२. **महानिदान सुत्त** :

यो उपदेश कुरुदेशको कम्मासदम्म गाउँमा भिक्षु आनन्दलाई दिनुभएको हो। यस सूत्रमा दार्शनिक दृष्टिकोणबाट महत्वपूर्ण सूत्रको रूपमा लिन सकिन्छ। यसमा प्रतीत्यसमुत्पादको गम्भिर सिद्धान्त, गम्भिर प्रज्ञप्ति, गम्भिर अर्थ र प्रतिपादनमा गम्भिर भएर नै संसार चक्रमा सत्वप्राणीहरू घुमिराख्नु परेको र पार तर्न नसकेको अवस्थालाई बताउनु भएको छ। अनात्मवादलाई स्पष्ट गर्दै प्रतीत्यसमुत्पादको कारण र कार्य धर्ममा जातिको

कारण जरा, मरण हुनुपर्ने, भवको कारण जाति हुनुपर्ने, उपादानको कारणले भव आदि हुने भनी आज्ञा हुनु भएको कुरा उल्लेख गरिएको छ ।

३. **महापरिनिर्वाण सुत्त** :

दीघनिकायको सबैभन्दा महत्वपूर्ण सूत्र नै महापरिनिर्वाण सूत्र हो । यसमा भगवान् बुद्धको जीवनको अन्तिम घडीलाई बडो मार्मिक र हृदयस्पर्शी हुने गरी यथार्थ चित्रण गरिएको छ । अजातशत्रुले लिच्छवी वज्जीलाई आक्रमण गर्दा पनि सफल नहनुको कारण बारे मन्त्री वर्षाकारलाई सप्त अपरिहाणीय धर्म जबसम्म वज्जीमा हुन्छ तबसम्म सफल नहुने कुरा प्रष्ट गर्नु भएको छ । जुन अहिलेको युगमा पनि अति सान्दर्भिक र उपयोगीमूलक छन् । दुशील र सुशील नैतिक युक्त जीवनमा पाँच दुश्परिणाम र सुपरिणामको व्याख्या गरिएको छ । अम्बपालीको भोजन र आम्रवन दानको बारेमा पनि उल्लेख गरिएको छ ।

भिक्षुसंघलाई बुद्धले केही कुरा भन्नु पर्ने वा सोध्नु पर्ने कुरा छ की भनी प्रश्न गरी आनन्द ! **अत्तदीपोभवो, अत्त सरणा न अनन्य सरणा ।** अर्थात् – आफू नै आफ्नो द्वीप भई, आफ्नै शरण लिऊ (वा स्वावलम्बी हौं), अरूको शरण होइन । भनी भन्नु भयो । धर्मको शरणमा गई कायानुपश्यी, वेदनानुपश्यी, चित्तानुपश्यी र धर्मानुपश्यी भई स्मृतिपूर्वक लोभ र दौर्मनश्यलाई त्यागी जीविकोपार्जन गर्ने बेलामा भिक्षुहरू अग्र र शिक्षाकामी हुन्छन् भनी आज्ञा हुनु भयो ।

आयुपरित्याग, आनन्दको भावविह्वल र वैशालीमा सबै भिक्षु जमघट भई बुद्धशासन चिरस्थायी गर्न बहुजन हित र सुखको मूल बाटो नै चार स्मृतिप्रस्थान, चार सम्यक प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बलको उपदेश गर्नु भएको र सबै संस्कार धर्म नाशवान् छन् अप्रमादी भई सम्पादन गर्न आज्ञा हुनु भयो । चार महापदेश (कसौटीको देशना) : मूल सूत्रसँग तुलना, विनय नियमलाई हेर्ने र सूत्रमा पनि मिल्छ र विनयमा पनि मिल्छ भने मात्र बुद्ध वचन हो भनी स्वीकार गर्ने कुरा आज्ञा हुनु भएको छ ।

बुद्धले वेलुवनग्राममा वर्षावासको समयमा मरणान्तक पिडालाई दृढ मनोबल, वीर्य र स्मृति सम्प्रजन्य भई सहन गर्नु भएको छ । कुसीनाराको यात्राको व्याख्यान र ६ रश्मी प्रकाशित हुने समय, चार दर्शनीय, संवेजनीय स्थलहरू (लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर), महानफल वा महान आनिशंस भएको पिण्डपात – सुजाताको खीर दान र चुन्दको प्रणीत एवं सूकर मद्दव भोजनबारे व्याख्या गरिएको छ । भिक्षु आनन्दले महिलालाई कसरी व्यवहार गर्ने र भगवान्को शरीरलाई कसरी पूजा गर्ने भन्ने प्रश्नमा शरीरलाई पूजा गर्नेमा न लागी सार्थकको निम्ति उद्योगी भई अप्रमादीपूर्वक संयमी भई काम गर्न आज्ञा गर्नु भएको घटनालाई उल्लेख गरिएको छ ।

अन्तिम शिष्य सुभद्र परिव्राजकको उपसम्पदा दीक्षा लिई प्रव्रजित बारे व्याख्या गरी राखेको छ । भगवान् बुद्धले प्रज्ञप्त गर्नु भएको धर्म र विनय देशना नै बुद्ध महापरिनिर्वाण पछि तिम्रो गुरु हुनेछ भनी आज्ञा गर्नु भयो र फेरि बुद्ध, धर्म र संघ तथा मार्गप्रति कसैको केही शंका छ भने सोध्न आज्ञा गर्नुभयो । अन्तिम वचन– **"हन्ददानि भिक्खवे, आमन्तयामिवो – वय धम्मा संङ्खारा, अप्पमादेन सम्पादेथा'ति अयं तथागतस्स पच्छिमा वाचा ।"** अर्थात् – भिक्षुहरू ! तिमीहरूलाई आमन्त्रण गर्दछु । संस्कार नाशवान् छ । होश राखी सम्पादन गर्नु । यो नै तथागतको अन्तिम वचन हो । अनेक समापत्ति ध्यानमा बसी चतुर्थ ध्यानबाट उठी महापरिनिर्वाण हुनु भएको कुरा उल्लेख यसमा पाइन्छ । मुकुटबन्धन (चेतिय स्थानमा) दाहसंस्कार र अस्थिधातुको विभाजनबारे उल्लेख यसमा पाईन्छ ।

४. **महासुदस्सन सुत्त** :

यस सूत्रमा भगवान् बुद्ध पूर्वजन्ममा महासुदर्शन चक्रवर्ती राजा भएको घटनाबारे प्रस्तुत, चक्रवति राजाका सात रत्नहरू – चक्ररत्न, हस्तिरत्न, अश्वरत्न, मणिरत्न, स्त्रीरत्न, गृहपतिरत्न र परिणायक रत्न बारे आनन्दलाई भन्नु भएको कुरा उल्लेख छ । संस्कार सबै नाशवान्, अनित्य छन् । र संस्कारको इच्छा वा उत्पत्ति नै ब्यर्थ छ भनी आज्ञा भएको देशना यसमा पाईन्छ ।

५. **जनवसभ सुत्त** :

भिक्षु आनन्दले बुद्धसँग मगधको परिचारिकाको परलोक गति बारे जिज्ञासा राख्दा बिम्बिसार जनवसभ यक्ष भएको बारेमा व्याख्या गरिएको छ । शक्र देवेन्द्र र सनत्कुमार ब्रह्माको बुद्धलाई प्रशंसा गरिराखेको घटनालाई उल्लेख गरिएको छ । र विभिन्न जनपदहरू काशी, कोशल,

वज्जी, मल्ल, चेति, मुरू आदि बारे उल्लेख गरेको पाइन्छ ।

**६. महागोविन्द सुत्त :**

यस सूत्रमा महागोविन्द ब्राह्मण भई रेणु राजालाई जम्बुद्वीप (भारत) लाई ७ राज्य र ७ राजधानी सविभाजन गरेको पूर्वजन्मको कथालाई उल्लेख गरी राखेको छ । र यस सूत्रमा पनि इन्द्र र ब्रह्मद्वारा बुद्धको प्रशंसा गरिराखेको घटना प्रस्तुत गरिएको छ ।

**७. महासमय सुत्त :**

यस सूत्रमा पाँच सय भिक्षु संघ कपिलवस्तुमा विराजमान हुँदा बुद्धको दर्शनको लागि देवदेवताहरूको आगमन भएको कुराको उल्लेख पाईन्छ । बुद्धले अनेक देवताहरूको नाम र ठाउँ बारेमा भिक्षुसंघलाई बताउनु भएको कुरा र बुद्धको शरणमा गएको ब्यक्ति दुर्गतिमा जानु पार्दैन भन्ने कुरा उल्लेख गरिएको छ । यो सूत्र महापरित्राण पाठमा पनि राखिएको छ जुन देवीदेवताहरूलाई असाध्यै मन पर्ने सूत्रको रूपमा पनि लिइन्छ । यो सूत्र ज्येष्ठ पूर्णिमाको दिन कपिलवस्तुमा देशना गरिएको हो ।

**८. सक्कपञ्ह सुत्त :**

यो सूत्र देवराज इन्द्रले गरेका प्रश्नहरू समावेश भएको सूत्र हो । यसमा बुद्धले इन्द्रद्वारा सोधिएको प्रश्नहरूमा ईर्ष्या र मात्सर्य भन्ने मनपर्ने वा मन नपर्ने कारणले मनपर्ने वा मननपर्ने उत्पत्ति हुन्छ र मन पर्ने/ मन नपर्ने प्रभाव रहन्छ । त्यस्तै मनपर्ने/ मननपर्ने छन्द (इच्छा/तृष्णा) को कारणले छन्दको उत्पत्ति हुने कुरा बताउनु क्रमशः बताउनु भएको छ । जुन मगध देशको राजगृहमा बस्नु हुँदाको प्रसङ्ग हो ।

**९. महासतिपट्ठान सुत्त :**

यो सूत्र भगवान् बुद्धले कुरु देशको कम्मासधम्म भन्ने ठाउँमा भिक्षुहरूलाई सम्बोधन गरी सत्व प्राणी विशुद्धिको लागि, शोक-परिदेव नीवरणको लागि, दुःख र दौर्मनस्य अतिक्रमण र शान्त गरी हटाउनको लागि, सत्य धर्म साक्षात्कार गर्न, निर्वाण प्राप्त गर्न एउटै मात्र मार्ग छ भनी बताउनु भएको छ । जुन चार स्मृतिप्रस्थान (कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धम्मानुपश्यना) हुन् । यसरी यी चार स्मृतिप्रस्थानको विस्तृत विश्लेषण विवरण यस सूत्रमा पाईन्छ । त्यस्तै पञ्चनीवरण, पञ्चस्कन्ध, द्वादसायतन, सप्तबोध्याङ्ग, चतुरार्य सत्यको स्वरूपलाई ब्याख्यान गरेको पाइन्छ । यो सूत्र भावना अभ्यासको क्षेत्र एकदमै महत्वपूर्ण सूत्रको रूपमा लिइन्छ ।

**१०. पायासिराजञ्ञ सुत्त :**

यो सूत्र बुद्धको शिष्य भिक्षु कुमार काश्यपले देशना गर्नु भएको पहिलो सूत्र (ग्रन्थको क्रम अनुसार) दीघनिकायमा उल्लेख गरिएको छ । भिक्षु कुमार काश्यपले चारिका गर्दै कोशल देशको सेतब्या नगरमा पायासि राजा भेट्दा भएको कुराकानीमा आधारित सूत्र हो । यसमा पायासि राजाले – यो लोक पनि छैन, परलोक पनि छैन, मृत्यु पछि फेरि जन्म छैन, सुकृत्य र दुष्कृत्य कर्मको फल पनि छैन, विपाक पनि छैन भन्ने मिथ्यादृष्टिक धारणा राख्दथ्यो । मरेपछि फेरि फिर्ता आएको कसैले देखेको छैन, धर्मात्मा-आस्तिकहरू पनि मरण देखि डराउँछन् र मृत शरीरको तौल न फरक छ, न जीव/आत्मा बाहिर गएको कसैले देखेको नै छ भन्ने दृढ धारणा ब्यक्त गर्दा कुमार काश्यप भन्तेले १४ वटा उपमा (उदाहरण) दिएर नास्तिक दृष्टिलाई खण्डन गरिराखेको छ । जुन रोचक, दाशर्निक तथा तार्किक वाणीहरूले युक्त छन् । त्यस्तै शरीरमा आयु, श्वास र विज्ञान भएको कारणले इन्द्रियहरूले आ-आफ्नो कार्य स्पष्ट गरेको कुरा र यी कारणले गर्दा इहलोक, परलोक, सुकृत्य, दुष्कृत्य कर्मको फल र विपाक छन् भनी ब्याख्यान गरिएको छ ।

**ग) पाथिकवग्ग**

**१. पाथिक सुत्त :**

पथिक अचेल एक महान लोभी र प्रख्यातिको कारण यो धर्मदेशना गर्न भएको हो । यसमा सुनक्षत्रले भगवान् बुद्धले उत्तरीयमनुष्यधर्म ऋद्धि प्रातिहार्य (अलौकिक शक्ति प्रदर्शन) नगर्नु भएको कारण भिक्षु संघबाट छुट्टिएको कुरा बताएको छ । र त्यस्तै पाथिक अचेलले पनि आफूमा नभएको अलौकिक शक्ति प्रदर्शन गर्ने भनी बुद्धलाई चुनौति दिई भयभीत हुनु परेको कुराको उल्लेख छ । बुद्धले ईश्वरकृत-ब्रह्माकृत (निर्माणवाद) को खण्डन गर्दै सृष्टि देखि प्रलयसम्म सबै कारण कार्य वा प्रतीत्यसमुत्पादको आधारमा भएको कुरा विस्तृत जानकारी दिएको सूत्र हो ।

**२. उदुम्बरिक (सीहनाद) सुत्त :**

उदुम्बरिकाको परिव्राजकराममा ३ सय जना शिष्यहरू बीचमा भगवान् बुद्धको धर्म कस्तो हो ? के कारणले उहाँका चेलाहरू सुविनित हुन्छन् र ब्रह्मचर्य

पालना गरेको होला ? भनी कुराकानी गरेको समयमा भगवान् बुद्ध त्यहाँ आउनु भई निग्रोधलाई शारीरिक र मानसिक पिडा हुने गरी साधन नगर्न र यौगिक ध्यान सम्पूर्ण होइन, बुद्ध धर्ममा साधना यसै जन्ममा सुख-शान्ति प्राप्त गर्न सफल बनाउँदछ भन्ने कुरा उल्लेख छ । मिथ्या साधना र सम्यक् साधना बारे छुट्टाएर सम्यक् साधनबाट जीवनमा सुख, शान्ति प्राप्ति गर्ने जीवन कला भनी अगाडि बढ्न प्रेरणा दिनुभएको छ ।

३. **चक्कवत्तिसीहनाद सुत्त** :

मातलायका बुद्ध शिष्यहरूलाई '**अत्तदीपो भव**' को उपदेश, धर्मद्वीप र धर्म शरणमा गई स्वाबलम्बीपूर्वक जीवन सञ्चालन गर्दै जानु, ध्यानअभ्यासी भई धर्म अभिवृद्धि गर्ने मूल मर्म यस सूत्रमा पाइन्छ । र दृढनेमी चक्रवती राजाको कुरा, चक्रवती व्रत (हितकारी, सेवनीय कार्य गरी अहितकारी त्याग्ने), अपराधको मूल जरा नै गरिबी /दरिद्रताको कारण हो भनी सूत्रमा ब्याख्यान गरिएको छ । अकुशल कर्मबाट आयु र वर्ण ह्रास हुने तथा कुशल कर्मबाट आयु र वर्ण वृद्धि हुने र स्वावलम्बी हुने कुराको ब्याख्यान यसमा पाइन्छ । र मैत्रेय बुद्धको उत्पत्ति बारे भविष्यवाणी पनि यस सूत्रमा उल्लेख भएको छ ।

४. **अग्गञ्ञ सुत्त** :

श्रावस्ती पूर्वाराममा विराजमान हुँदा वशिष्ठ र भारद्वाजलाई अरू ब्राह्मणले निन्दा गरी ब्राह्मण श्रेष्ठ, अरू हीन, ब्राह्मण मात्र शुक्ल, शुद्ध, मुखबाट उत्पन्न औरस पुत्र, ब्रह्म निर्मित तथा ब्रह्म दायाद हो भन्ने चर्चा भएको कुरालाई बुद्धले जन्म भन्दा कर्मलाई महत्व दिँदै बुद्धले वर्ण व्यवस्थालाई खण्डन गर्दै लोकको प्रलय, सृष्टि र चार वर्णको उत्पत्ति बारे विस्तृत ब्याख्या गर्नु भएको छ ।

५. **सम्पसादनीय सुत्त** :

भिक्षु सारिपुत्रले पावारिक आम्रवनमा बुद्धलाई सश्रद्धा पूर्ण संप्रसाद उद्गार वाक्य ब्यक्त गरेको कुरालाई उल्लेख गरिएको छ । बुद्ध लोकमा अद्वितीय विषयलाई प्रकाश पार्दै अतीत, अनागत, प्रत्युत्पन्न (तीन कालमा श्रेष्ठ) पुरुष, अत्यन्त विनम्र र शून्य अभिमानी विशेषताको गुण बताउनु भएको कुरा यस सूत्रमा पाईन्छ ।

६. **पासादिक सुत्त** :

निगण्ठनाटपुत्रको देहावसानपछि उनका अनुयायीहरू बीच झगडाको विषयमा भगवान् बुद्धले भिक्षु संघलाई दिनु भएको उपदेश हो । यस सूत्रमा कुनै धर्मको विषयमा विवाद भयो भने धर्म विनयको चार कसौटीसँग तुलना गरेर हेर्नु, ब्याकृत र अब्याकृत प्रश्नहरू; पूर्वान्त र अपरान्त दर्शन (ब्रह्मजाल सूत्र) र चार स्मृतिप्रस्थान सूत्रबारे उपदेश पाईन्छ । बुद्ध धर्म चित्त शुद्धि, यथार्थ सुख शान्ति प्राप्तिको निम्ति जीवन उपयोगी मार्ग नै बुद्ध दिनु भएको उपदेशको मूख्य उद्देश्य हो । यो सूत्र प्रशन्नकर जीवन उपयोगी सूत्र हो भनी यस सूत्रको नाम नै पासादिक सूत्र हुन गएको हो ।

७. **लक्खण सुत्त** :

भगवान् बुद्ध श्रावस्ती जेतवनमा रहनु हुँदा भिक्षु संघलाई महापुरुषका ३२ लक्षण बारे बताउनु भएको सूत्र हो । ३२ महापुरुष लक्षणले युक्त दुई ब्यक्तिहरू - गृहस्थीमा भए धार्मिक ब्यक्ति, धार्मिक राजा चक्रवती राजा हुने र त्यागी भए लोकको मोहरूपी अन्धकार हटाई दिने अरहत् सम्यक्सम्बुद्ध हुने कुरा उल्लेख गरिराखेको छ । त्यस्तै के कर्म विपाकको कारणले के वा कस्तो लक्षण प्राप्त हुने कुराको विश्लेषण गरिराखेको छ । जुन अम्बट्ठ सूत्रमा पनि उल्लेख गरी राखेको छ ।

८. **सिगालोवाद सुत्त** :

राजगृहमा सिगालले ६ दिशा (पूर्व, पश्चिम, उत्तर, दक्षिण, तल र माथि) मा नमस्कार गरेको देखेर त्यसको अर्थ प्रकाश गर्नु भएको सूत्र हो । यो सूत्र गृही विनयको रूपमा प्रकाशित पुस्तक हो । यसमा नमस्कार भन्नाले सेवा-टहल वा कर्तव्यलाई जनाइ राखेको छ । त्यस्तै चार कर्म क्लेश (प्राणीहिंसा, चोरी, व्यभिचार र असत्य वचन), सम्पत्ति नाश हुने ६ कारण र चार मित्रहरूको बारे ब्याख्यान यस सूत्रमा पाईन्छ । यो सूत्र परस्पर कर्तव्य र दायित्व बोध गराउने सूत्र हो । जुन गृहस्थीहरूको लागि सुखी, शान्त जीवन बिताउने उपायको रूपमा पनि लिन सकिन्छ ।

९. **आटानाटिय सुत्त** :

यो महापरित्राणको एक महत्वपूर्ण सूत्र हो । भूत-प्रेत आदि अमनुष्य भय रहित हुन्, उनीहरूलाई सन्तुष्ट गर्न राजगृहस्थित गृधकूट पर्वतमा देशना गरिएको उपदेश हो । जसमा धेरै भूत-प्रेत, यक्षहरूको नाम सम्मेलित गरिएको छ ।

**१०. संगीतिपरियाय सुत्त :**

पावा चुन्द कर्मारिपुत्रको आम्रवनमा सारिपुत्र भन्तेले एक देखि दशसम्म धर्म विषय (बुद्ध-मन्तव्य सूची) उपदेशात्मक रूपमा व्याख्या गरी राखेको सूत्र हो ।

**११. दसुत्तर सुत्त :**

यो दीघनिकायको अन्तिम सूत्र हो । यसमा एक-एक देखि दश-दश वटा धर्म विषय अर्थात् १०० वटा धर्मको सूची पाईन्छ । र धर्मको उपकारक, भावनीय, परिज्ञेय (थाहा पाउनु पर्ने), प्रहातव्य (त्याग्नु पर्ने); हानभागीय, विशेषभागीय, साक्षात्करणीय धर्मको विवरण प्रस्तुत गरिएको छ । यसलाई बौद्ध-मन्तव्यको रूपमा लिन सकिन्छ ।

**निष्कर्ष :**

दीघनिकाय अन्तर्गत तीन वर्गमा शीलस्कन्ध, महावर्ग र पाथिक वर्गमा क्रमशः १३ वटा, १० वटा र ११ वटा सूत्रहरू व्याख्या गरिएको छ । लामो सूत्रहरूको संग्रहमा पहिलो ब्रह्मजाल सूत्रबाट शुरु भई दसुत्तर सूत्रमा अन्त्य भएको छ । प्रत्येक सूत्रको आ-आफ्नै महत्व रहेको छ । भगवान् बुद्धले बुद्धत्व प्राप्ति देखि महापरिनिर्वाण नहुञ्जेल सम्म (४५ वर्ष) दिनु भएको धर्म र विनय रहेको शिक्षालाई त्रिपिटकमा संग्रह गरिराखेको छ । र संगायनामा धर्म सम्बन्धी सबै प्रश्नको उत्तर भिक्षु आनन्दले दिनु भएको र विनय सम्बन्धी जवाफ भिक्षु उपालीले दिनु भएको थियो । त्यसैले प्रायः सूत्रहरूमा **"एवं मे सुत्तं, एकं समयं"** भनी शुरुवात भएको छ । जुन एक समय मैले यस्तो सुनें भन्ने अर्थ हो । र सूत्रको अन्तमा देव, ब्रह्मा, मनुष्यहरू उपासकत्व ग्रहण गरी आजीव बुद्ध, धर्म र संघको शरणमा गएको कुरा उल्लेख गरिराखेको छ । जसमा उपदेशबाट प्रभावित भई 'आश्चर्य भो गोतम ! धन्य सुगत ! जसरी घोप्टाएको भाँडो सुल्टो पारे झैं, छोपिराखेको ठाउँ खोलेर देखाए झैं, बाटो भुलेकोलाई बाटो देखाए झैं अँध्यारो ठाउँमा दियो बालिदिए झैं, आँखा हुनेहरूले रूप देखे झैं तपाईले मलाई अनेकौं प्रकारले धर्मदेशना गर्नुभयो ।' भन्ने प्रफुल्लित भाव पाईन्छ ।

यस निकायमा भगवान् बुद्धको देशना शैली, व्याख्या, उपमाको प्रयोग तथा व्यक्तिको मानसिक, सामाजिक अवस्थालाई दिइएको पाईन्छ । जुन एकदमै समय सान्दर्भिक र घट्लाग्दो छ । बुद्धकालीन सामाजिक, आर्थिक, राजनैतिक अवस्थाको पनि स्पष्ट चित्रण गरिएको छ । त्यसबेलाका धर्म-संस्कृति, धारणालाई, साधना, विचारधारणलाई दुःख र दुःखबाट मुक्त गर्न प्रेरित गरी तार्किक र व्यवहारिक खण्डन र आलोचनलाई देख्न सक्छौं । कर्म र कर्मफल; कारण कार्य धर्म; शील, समाधि र प्रज्ञा मार्ग; र चतुरार्य सत्यलाई स्पष्ट हुने गरी देशना गरिएको छ ।

त्यस्तै यस निकायमा बुद्ध शासनको आधार स्तम्भ भएको महासतिपट्ठान, महापरिनिब्बान, ब्रह्मजाल र पायासिराजञ्ञ सूत्रहरू अध्ययनबाट नै बुद्ध शिक्षाको सार तत्वलाई थाहा पाउन सक्छौं । प्रत्येक सूत्रहरूले जीवनको यथार्थता वा सारतत्व अन्वेषण गरी यो जीवनमा पनि सुख शान्ति प्राप्त गर्न र निर्वाण नपुगुञ्जेल परलोक जीवन सुख शान्ति पूर्वक बिताई परम् सुख भएको निर्वाणको अवस्थामा पुग्न प्रेरणा दिई राखेका छन् । र आर्य अष्टाङ्गिक मार्ग (शील, समाधि र प्रज्ञा) लाई दैनिक जीवन अवलम्बन गरी अत्तदीपो भवो अत्तसरणा, न अनन्य सरणा को भावलाई बुझी अप्रमादपूर्वक कार्य सम्पादन गर्न हौसला दिनु भएको छ ।

**सन्दर्भ ग्रन्थहरू :**


१) बज्राचार्य, दुण्ड बहादुर, 'दीघनिकाय', वीर-पूर्ण स्मृति ग्रन्थमाला-३, २०४६ ।

२) भिक्षु कोण्डन्य, 'बौद्ध वाङ्मय त्रिपिटकया म्हसीका-१, संक्षिप्त 'दीघनिकाय व मज्झिमनिकाय', न्यू नेपाल प्रेसः २०५६ ।

३) भिक्षु सुदर्शन (सं.), 'महापरित्राण', Dhamma Aid Asia, २०६४ ।

४) A study of the Digha Nikaya of the Suttapitaka, The young east (4:4), 1928.09 (pp.112-120)

५) Sarao, Karam Tej, *D´gha Nikāya,* Department of Buddhist Studies, University of Delhi, India 2017 (pp.395-397)

६) Walshe, Maurice, *The Long Discourses of the Buddha,* A translation of the Digha Nikaya,


**बुद्धहरूको उपदेश**

**- "असत्यवादीले नरक भोग गर्छ । आफूले गरेको कार्यलाई पनि गरेको छैन भनी झूठो वादी बन्छ । यी दुबै प्रकारका नीच कार्य गर्ने व्यक्तिले मृत्यु पछि समान कर्म फल भोग्छ ।"**

# बौद्ध-ऋषि महाप्रज्ञा-३



✍ **रत्नसुन्दर शाक्य** *'परियत्ति सद्धम्म पालक'*

५ जना ती घ्येलुँहरूमा महाप्रज्ञा (प्रेमबहादुर) श्रेष्ठ जातिको हुनुहुन्थ्यो । अतः हिन्दूकुलमा जन्मेर बुद्ध-धर्ममा दिक्षित भएको (प्रव्रज्या) कारण वहाँ दोहोरो अपराधी ठहरिनुभएको थियो । अतः ५ जनामा वहाँलाई नै धेरै कडाइका साथ केरफेर गरिएको थियो, बाँकी अन्य ४ जनामा ३ जना शाक्य एवं एक जना मानन्धर हुनुको र बौद्ध जाति नै हुनाको कारण तिनीहरूलाई त्यति केरफेर गरिएको थिएन ।

अन्तमा सत्ताधर पक्षका ब्राह्मणहरूको नै जीत भयो र ५ जना बौद्धभिक्षु (घ्येलुँ) हरूलाई वि.सं. १९८२ को श्रावण महिनामा देशबाट निर्वासित गर्न तिनीहरू सफलभए, यसको लगत्तै छेरिन्नोर्बु गुरुलाई पनि नागार्जुन डाँडाबाट झिकाई १००/- रूपियाँ जरिवाना गऱ्यो र बनपालेलाई पनि ५०/- रूपियाँ जरिवाना गरियो । गुरु छेरिन्नोर्बुको जरिवाना सुब्बा विहारीलाल श्रेष्ठ (नेपालभाषाका सुप्रसिद्ध साहित्यकार स्वयम्भूलाल श्रेष्ठका ठूलोबुबा) ले तिरिदिनुभएको थियो जो त्यसबेला पाटन (ललितपुर) मा रहनुहुन्थ्यो । गुरु छेरिन्नोर्बु पनि नेपाल छोडी रक्सौल पुग्नुभयो र वहाँ रक्सौल बजारमा रहनु भएका विहारीलाल श्रेष्ठका कनिष्ठ भाइ ईश्वरीलाल श्रेष्ठ (स्वयम्भूलाल श्रेष्ठको बुबा) कहाँ रहनुभएको थियो । गुरु छेरिन्नोर्बु पुग्नुभएको भोलिपल्टै ५ जना निष्कासित घ्येलुँहरू पनि त्यहीँ आइपुगे ।

वहाँहरू ५ दिनसम्म धर्मचर्चा एवं निष्कासित गरिएको कुराबारे छल्फलादि गरी छैठौं दिनमा भगवान बुद्धले बोधिज्ञान प्राप्तगर्नुभएको ठाउँ 'बोधगया' तर्फ प्रस्थान गरे । त्यहाँ वहाँहरूले 'ऊ कोशाला' नामक एक स्थविरवादी भिक्षुलाई दर्शन गरे, वहाँको शान्तरूप, पहिरन र शीलाचरण आदिबाट प्रभावित भई गुरु छेरिन्नोर्बु सहित पाँचैजना घ्येलुँहरूले स्वविरवाद अनुरूप श्रामणेर भई काषायवस्त्र लगाए र मध्यान्ह (विकाल) पश्चात नखाने नियमका साथ अन्य श्रामणेर नियम (विनय) हरू पालन गर्दै लगे ।

वहाँहरू २ हप्ताजति बुद्धगयामा रहनु भई कलकत्ता प्रस्थान गर्नुभयो र कलकत्तामा धर्ममान साहूको कोठीमा रहनुभयो । त्यहाँ केही दिन रही "महाबोधि सभा" को धर्मराजिक विहारमा रहनुभयो । त्यहीँ नेपालका एक शिक्षित नवयुवक जगतमान वैद्य, जो धर्मादित्य धर्माचार्य बनिसकेका थिए ले वहाँहरूलाई आफ्नो देशबाट गरेको अन्याय र अत्याचारको बारे पूरा विवरणका साथ वहाँहरू छ जनैको फोटो समेत छापी विभिन्न पत्रिकाहरूमा प्रचार प्रसार गरेका थिए । गुरु छेरिन्नोर्बुको आग्रहमा धर्मादित्य धर्माचार्यले पाँचै जना शिष्यहरूलाई आधुनिक ढङ्गबाट शिक्षा दिने प्रबन्ध गरे ।

कलकत्तामा एक डेढ महिना रही वहाँहरू विशेष कारणवश कालिम्पोङ्ग जानुभयो । कालिम्पोङ्गमा धर्मदान साहूको आग्रह अनुरूप भाजुरत्न साहू । (वि.सं. १९४०-२०१३) ले वहाँहरूलाई उचित प्रबन्ध गरी त्रिपाईस्थित एउटा गुम्बामा राखिदिनुभयो । त्यहीँ वहाँहरूलाई पुनः त्यहाँका प्रमुख लामा 'घ्येसेरिम्पोछे' ले घ्येलुँ (महायानी रूप) गरिदिनु भयो ।

त्रिपाईस्थित त्यस गुम्बामा रहनुभएको बेलामै एक दिन महाप्रज्ञा गुरु छेरिन्नोर्बुसित अनुमति लिई दार्जिलिङ्ग एकपटक घुम्न जानुभयो । दार्जिलिङ्गमा वहाँका एक हितेषी मित्र (नारायणदास श्रेष्ठ) ले यसरी घुमफिरमात्र गरिर हनु ठीक छैन, केही अध्ययन मनन पनि गर्नुपर्छ भन्ने सल्लाह दिई कलकत्तासम्म जाने बन्दोबस्त पनि मिलाईदिए जसअनुसार महाप्रज्ञा कलकत्ता पुग्नुभई पहिले रहेकै ठाउँ "धर्मराजिक विहार" मा रहनुभयो ।

त्यहाँ रही धर्मादित्य धर्माचार्य र महाबोधि सभाका

प्रधानमन्त्री देवप्रिय बलिसिन्हा (सन् १९०४-६८) सित केही विद्याध्ययन गर्दैरहेको बेला देवप्रियसित विचारमा केही मतभेद हुन गएको कारण कलकत्ता छोडी बनारस एकपटक घुम्न जानुभयो । बनारस (बाराणसी) मा केही दिन रही बुद्धगया जानुभयो र बुद्धगयामा वहाँको भेट सुगतकान्ति नामक एक उपासकसित भयो ।त्यस उपासकले एउटा खाल जग्गा देखाई भन्नुभयो–

"यो जग्गा बर्माको ऊ ज्योतिका नामक भिक्षुले विहार बनाउनको निमित्त लिइराखेको थियो, तर वहाँ विहारबनाउन नपाउँदै निधन हुनुभयो । अतः तपाईंले यहाँ आउने यात्रुहरूसित चन्दा लिई विहार एउटा तयार गरी रहनुहोस् ।"

महाप्रज्ञा गुरुले उपासकको कुरालाई सही ठानीयात्रु दाताहरूसित चन्दा लिंदै-गर्दै १०,०००/– लागतमा एउटा विहार तयार गर्नुभएको थियो । पछि आएर त्यस विहारमा आफ्नो ममत्व बढ्दै आएको कारण त्यसलाई मार सम्झी वहाँ केही दिनमै कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो ।

कालिम्पोङ्गमा गुरु छेरिन्नेर्बु ल्हासा जान तत्परथिए । वहाँले महाप्रज्ञालाई पनि साथ लाने विचार गरी केही प्रबन्ध गर्नको निमित्त भद्रपुर (झापा) एकचोटी आउनु भयो, त्यहाँ सुब्बा विहारीलाल श्रेष्ठसित चन्दास्वरूप केही रकम प्राप्त गरी वि.सं. १९८३ को जेष्ठ महिनामा कालिम्पोङ्गबाट ल्हासातर्फ प्रस्थान गर्नुभयो ।

कालिम्पोङ्गबाट प्रस्थान गर्नुभएको सातौं दिनमा वहाँहरू (गुरु छेरिन्नोर्बु र महाप्रज्ञा एवं अन्य व्यापारी) फारी पुग्नुभयो । फारीमा वहाँहरूको भेट दशरत्न साहु (पछि भिक्षु धम्मालोक) सित पनि भएको थियो । फारीमा केही दिन रही वहाँहरू पुनः प्रस्थान गर्नुभयो र पाँचौं दिनमा 'ग्याँची' पुग्नुभयो । ग्याँचीमा वहाँहरू धर्ममान साहूको कोठी "छु-सिङ-श्या" को शाखामा रहनुभएको थियो । त्यहाँ रहँदै जाँदा मांसाहार सम्बन्धमा गुरु छेरिन्नोर्बुसित पनि मतभेद हुन आएको कारण महाप्रज्ञा एक्लै र अन्य २ जना साहूकासाथ ल्हासा प्रस्थान गर्नुभएको थियो । ग्याचीबाट प्रस्थान गर्नुभएको नवौं दिनमा वहाँ ल्हासा पुग्नुभयो ।

ल्हासामा वहाँको सम्पर्क साँखूका साहू जोगनारांसित हुन गयो, जो त्यसताका ल्हासाका एक प्रतिष्ठित एवं शूरवीर व्यक्ति थिए । त्यही साहूले महाप्रज्ञालाई ल्हासाको एक प्रसिद्ध गुम्बा 'क्येचाँश्यार' का सुप्रसिद्ध लामा फोरंखा रिम्पोछेका एक प्रमुख शिष्यको हातमा सुम्पिदिए, जो तर्कशास्त्रका महान् आचार्य थिए । त्यस आचार्यले महाप्रज्ञालाई 'लाम्रही' नामक ग्रन्थ अध्ययन गराउनु भएको थियो । जोगनारां साहूले महाप्रज्ञाको आवश्यक सहयोगको निमित्त नोकरको रूपमा एक साधारण घ्येलुंको पनि प्रबन्ध गरिदिनुभएको थियो । त्यस घ्येलुंले शुरूमा त महाप्रज्ञालाई खानपिनको राम्रो प्रबन्ध गरिदिएका थिए तर पछि आएर उसले बिस्तारै महाप्रज्ञालाई नोकरको बोलीव्यवहार गरी आफू मालिक हुँदैआएको कुरा महाप्रज्ञाले आफ्नो आत्मकथामा स्पष्ट उल्लेख गर्नुभएको छ । यहाँसम्म कि त्यस घ्यलुं नोकरले पहाड-पर्वतको बाटोमा उकाली-ओराली हुँदै पानी लिन जानुपर्ने ठाउँमा समेत महाप्रज्ञाले नै पानी लिन जानुपर्ने बाध्यता ल्याइदिएको थियो ।

यसरी कठिनरूपमा रही विद्याध्ययन गरिरहेको बेला कहिलेकहीं महाप्रज्ञाले तर्काचार्य गुरुवरबाट प्राप्त शिक्षाअनुरूप एवं आफ्नो स्वविचारबाट पनि अनेक चित्रहरू लेख्ने गर्दथे । एकदिन यस्तै एउटा चित्र निर्माण गर्दैरहेको बेला त्यही नोकरको रूपमा रहँदै आएका घ्येलुंले महाप्रज्ञालाई गाली गराउने हेतु तर्काचार्य गुरुवर समक्ष चुग्ली पुऱ्याएको थियो । अतः उसैलाई महाप्रज्ञालाई बोलाउन पठायो । महाप्रज्ञा पनि डराई-डराई गुरुवर समक्ष उपस्थित भए । गुरुवरले वहाँले लेख्नुभएको चित्रलाई गौररूपमा हेरेपछि भन्नुभयो–

"पल्धेन श्यरब ! यस चित्रको तात्पर्य (अर्थ) बताउँदै जाऊ ।"

गुरुको अनुमति पाएपछि महाप्रज्ञा (पल्धेन श्यरब) ले आफूले लेखेको चित्रको पारमार्थिक अर्थ बताउँदै जानुभयो । महाप्रज्ञाको त्यस चित्रको पारमार्थिक अर्थ सुन्नुभएपछि तर्काचार्य गुरु यति प्रसन्न हुनुभयो कि वहाँले त्यस चित्रलिई, त्यसमा हस्ताक्षर गरी भन्नुभयो–

"पल्धेन श्यरब ! यस चित्र साथ लगी ल्हासा बजारमा रहेका नेवार साहूहरूलाई देखाई, अर्थ बताउँदै, धर्मोपदेश गर्न जाऊ ।" *क्रमशः अर्को अङ्कमा ...*

# गुहस्थीको निम्ति आवश्यक चार गृही सुख

संकलन- **प्रदिप शाक्य** 'घोषक'
*एम.ए. तेस्रो समूह, थे.बु.ए.*

नेपाली वाङ्मय क्षेत्रमा प्रयुक्त दुई अक्षर मिलि बनेको शब्द 'सुख' बारे अनभिज्ञ व्यक्ति विरलै होला। किनकि सुख भन्नु वित्तिकै पर्यायवाची शब्दको रूपमा अघि सारिने शब्द हो 'आनन्द'। तसर्थ व्यक्ति शारीरिक र मानसिक रूपले सन्तुष्ट रहनु नै सुखको अनुभूति हो। तर व्यवहारीक रूपमा हेर्दा मानिसले केही प्राप्त गर्दा खुशी हुनु सुखी हुने गर्दछ। यस किसिमको व्यवहारलाई नै सुख ठानी रहेको हुन्छ। पाउनु सँग-सँगै गुमाउनु पनि आइरहेको हुन्छ। यसरी कुनै बेला केही प्राप्त हुँदा सुखानुभूति हुन्छ भने सोही प्रकारले गुमाउनु पर्दा दुखानुभूति हुने गर्दछ। यसरी हेर्दा यस प्रकारको सुख भनेको क्षणिक सुख मात्रै हो भन्दा अत्युक्ति नहोला।

यहाँ उल्लेख गर्न लागिएको 'सुख' उपरोक्त उल्लिखित सुख भन्दा केही बेग्लै किसिमको छ। जुन कुरा शाक्यमुनि तथागत गौतम बुद्धद्वारा उपदेश गर्नु भएको छ। जुन 'सुख' लाई गृही सुख भनेर उल्लेख गरिराखेको छ। यी गृही सुखहरू मानव जीवनको लागि अत्यावश्यक भएको पाइन्छ। बुद्ध शिक्षा अनुसार यसलाई चार प्रकारको गृही सुखको रूपमा उल्लेख गरिराखेको पाइन्छ। ती हुन्–

क) अत्थि सुख : मानिसलाई आफ्नो दैनिक जीवनयापनको लागि अर्थात् आफ्ना आधारभूत आवश्यकताहरू परिपूर्तिको लागि चाहिने सम्पत्ति आदि प्राप्त गर्नुलाई अत्थि सुख भनिन्छ। त्यस्तै आफूसँग पूर्खादेखि नै सबै प्रकारका आवश्यक वस्तुहरू छ भनी सन्तोष मान्नु पनि यही सुख हो। कम जग्गा जमिन लगायत अन्य दैनिक जीवन यापनको लागि चाहिने सरसामानहरू जस्तै खाद्यान्न, लुगाकपडा, रेडियो, टिभि आदि सबै उपलब्ध हुनु अत्थि सुख हो। अर्को अर्थमा भौतिक शारीरिक एवं मानसिक रूपबाट आफूमा सबैथोकले भरीपूर्ण छ, कुनै अभाव छैन भनी सन्तोष प्राप्त गर्नु नै वास्तविक अत्थि सुख हो भनिएको छ। यसबाट के प्रष्ट हुन्छ भने हामीले यो भौतिक जीवनको लागि आवश्यक जेजस्ता वस्तुहरू छन् र ती वस्तुको उपलब्धी हुनुको साथै त्यसबाट प्राप्त सन्तुष्टी नै अन्तिम सुख हो।

ख) भोग सुख : आफूसँग भएको चलअचल सम्पत्ति- नगद, जिन्सी सबै आफूले परिभोग गर्न पाई सुखानुभूति प्राप्त गर्नु नै भोग सुख हो। अत्थि सुखको अनुभवबाट प्राप्त उपरोक्त उल्लिखत वस्तुहरूको भौतिक, शारीरिक एवं मानसिक रूपले भोग गर्न सक्नु या पाउनुलाई नै भोग सुख भनिन्छ। अन्यथा आफूसँग भएको सम्पत्तिको सही रूपमा सदुपयोग गर्न नपाई संचित मात्र गर्ने प्रवृत्तिले जीवन त्याग्नु परेको रूपमा उक्त व्यक्ति यो भोग सुखबाट वञ्चित भएको ठहरिन्छ।

यससँग सम्वन्धित एक सान्दर्भिक कथा यसै प्रस्तुत गरिन्छ। (साभार- मट्ठकुण्डली जातक)

भगवान् बुद्धको शिक्षा अनुसार आफूले कमाएको वा आर्जन गरेको सम्पत्ति आवश्यकतानुसार आफ्नो व्यवहारीक जीवनलाई सहजतापूर्वक सञ्चालन गर्ने कार्यको लागि र अन्य धार्मिक तथा सामाजिक सबै श्रमणहरूको लागि समेत प्रयोग गर्नु फलदायी हुन्छ।

बुद्धकालिन समयमा कुनै एक गाउँमा एकजना अत्यन्त धनी तर साह्रै लोभी कसरी ब्राह्मण बस्दथ्यो। ऊ सँग करीब सात पुस्तासम्म पुग्ने सम्पत्ती थियो। तथापि उसले आफ्नो परिवारको लागि आवश्यक वस्तुहरू जस्तै लुगाफाटो, खानेकुरा आदि राम्रोसँग दवाईसवाई गर्दैनथ्यो। कारण ऊ अति कञ्जुस थियो। यत्तिसम्म कि बिरामी अवस्थामा समेत पैसा, खर्च हुने भयले राम्ररी उपचार समेत नगरी धनसम्पत्ति जगेडा गर्नेतर्फ मात्र उधत रहन्यो।

तर उसको एउटा छोरा पनि थियो। जो चाहिं श्रमण भिक्षुहरूलाई सेवा गर्ने भावनाले ओतप्रोत थियो। उसले आफ्नो बुबालाई आफू विहारमा गएर भिक्षुहरूलाई दान गर्न मन लागेको कुरा व्यक्त गर्दथ्यो। तर उसको बुबाले उनको भावनालाई स्वीकार गर्दैनथ्यो। कारण ऊ लोभी थियो। दान धर्म गरेर पनि उनी पैसा खर्च गर्न चाहँदैनथ्यो।

एकदिनको कुरा हो, उसको छोरा अचानक बिरामी भयो। त्यस्तो बिरामी अवस्थामा पनि आफ्नो श्रीसम्पत्ती

खर्च हुन्छ भनेर बिरामी छोराको उपचार समेत नगरी केही दिनमा आफैं ठीक भई हाल्छ नि भनेर चूपचाप बसिरहन्थ्यो । यत्तिसम्म कि गाउँले छरछिमेकीहरू बिरामीलाई हेर्न आउँछन् र त्यत्तिबेला चिया पानी समेत खुवाएर पठाउनु पर्ला भनी आफूसँग भएको धनसम्पत्ती खर्चभएर कमी हुन जाने डरले बिरामी छोरालाई न्यानो पारेर घरभित्रै कोठामा राखेर उपचार गर्नुको साटो बाहिर आँगनमै राख्न लग्यो । यसरी बाहिर नै राखेको खण्डमा शुभचिन्तक गाउँले छर छिमेकीहरू आउँछन्, हेर्छन् शुभेच्छा प्रकट गर्छन् र बाहिर बाहिरै फर्कन्छन् । जसको कारण आफूले स्वागत सत्कार गर्नु नपर्ने हुन्छ र आफ्नो सम्पत्ति पनि विनाश हुनबाट जोगिन्छ भन्ने ठान्दथ्यो । एवंरीतले यही प्रक्रियाहरू चलिरह्यो ।

एकदिनको कुरा हो, त्यतिबेला भगवान् बुद्धले उक्तदिन कसलाई उपचार गर्ने हो भनि महाकरुणासमापत्ति ध्यानमा हेर्दा त्यस दिन उनै ब्राह्मणको छोरालाई नै उपचारगर्ने हेतुले त्यो बाटो हुँदै चारिका गर्दै उसको घरमा पुग्नुभयो । जब बिरामी छोराले गौतम बुद्धलाई देखे, तब ऊ अति प्रशन्न भएर आफ्ना कञ्जुस एवं कपटी र लोभी बुबाप्रति कृतज्ञ भई भन्न थाल्यो– “मेरो बुबाले मलाई साँच्चिकै उपकार गर्नु भएको रहेछ किनकि मलाई बुद्धको दर्शन गर्ने ठूलो ईच्छा थियो । आज उक्त ईच्छा मैले स्वयं आफ्नै घरमा पुरा गर्न पाएँ, धन्य छ !” यति भनेर भगवान बुद्धलाई दर्शन मात्र गरेको के थियो, उसको प्राण तत्काल त्यसै गयो ।

यी सबै दृष्यहरू उनको लोभी बुबाले राम्ररी देखिरहेको थियो । जब उसले आफ्नो छोरा नजिकै आएर हेर्दा आफ्नो छोरालाई मृत देख्यो, त्यसपछि ऊ साह्रै विचलित भएर विलाप गर्न थाल्यो । उसले त्यसबेला देखि आफ्नो सम्पत्तिप्रति पनि मोह देखाउन छोड्यो ।

यसबाट के प्रस्ट हुन्छ भने कञ्जुस गरेर वा लोभ गरेर सम्पत्ति मात्र थुपार्नाले भोग सुखबाट बञ्जित हुनुपर्ने हुन्छ । अतएव मानिसले आवश्यकतानुसार सम्पत्ति आर्जन सँगसँगै परी आएको बखत उचित किसिमले त्यसको सदुपयोग गर्न जानु पर्दछ । यसरी आवश्यक परेको बेला समुति ढंगले सदुपयोग गरिएको रूपमा भोग सुख प्राप्त हुन्छ भनी दर्शाएको छ ।

ग) आनण्य सुखः व्यक्तिले आफ्नो जीवन निर्वाह गर्नको लागि समय समयमा विभिन्न व्यक्ति, संघ, संस्थाहरूबाट कर्जा सापटीलिई राखेको हुन्छ । जुनदिन उक्त कर्जा चुक्ता गरेर ऋण मुक्त हुन्छ, त्यसबेला पनि एक किसिमको आनन्द एवं सुखानुभूति हुन्छ । यही सुखलाई नै आनण्य सुख भनिन्छ ।

हामी व्यक्तिहरूलाई विभिन्न अवसमा विभिन्न तवरले विभिन्न किसिमबाट भौतिक, शारीरिक एवं मानसिक सहयोग प्राप्त भइरहेको हुन्छ । यस प्रकारको सहयोगको गुणानुस्मरण गरी कृतज्ञतापूर्वक त्यस्ता सहयोगी ईष्टमित्र, परिवार आफन्तजन लगायत अन्यलाई पनि हामीले आवश्यकतानुसार सहयोग गरेर आफूलाई प्रशन्न राख्न पाउनु या सक्नु नै आनण्य सुख हो । कर्तव्य धर्मको आधारमा पनि हामी ऋणी भइराखेका हुन्छौं । तसर्थ हामीले आफ्ना आमा, बुबा, समाज एवं राष्ट्रप्रति वफादार रही सुयोग्य नागरिकको रूपमा कृतज्ञ बनी आफ्नो कर्तव्य पूरा गरेर योगदान गर्नुपर्दछ । यो पनि एक किसिमको ऋण मुक्ति हो । त्यस्तै आमा, बुबाको ऋणबाट मुक्त हुनु भनेको आमा बुबालाई जीवनको अन्तिम घडीसम्म लालनपालन, भरणपोषण, स्याहार सुसार सेवा सुश्रुषा गर्नु हो । यस कर्तव्य धर्मको ध्यानिशंस स्वरूप प्राप्त सुख नै आनण्य सुख हो ।

घ) अनवज्ज सुखः व्यक्तिले मन, वचन र शरीर (काय, वाक, चित्त) बाट कुनै किसिमको भूल अपराध गरेको छैन भनी निर्धक्कताका साथ मनमा धर्मप्रति उत्पन्न गरी आनन्दानुभूति प्राप्त गर्नु अनवज्ज सुख हो । यस अतिरिक्त आफ्नो जीवनकालमा आफूले जानी नजानी गरेका भूल, गल्ती वा अपराधलाई महशुस गरी अब उप्रान्त त्यस्ता नकारात्मक कर्महरू काय, वाक, चित्तबाट कहिल्यै नगर्ने प्रणकासाथ त्यागेर अग्रसर भई मनमा कुशल चित्र उत्पन्न गर्नु पाउनु पर्ने अनवज्ज सुख हो । अकुशल कर्म गर्ने चित्तबाट विमुख भई कुशल कर्महरू मात्र गरेर जीवन निर्वाह गर्छु भनी मनमा प्रीति उत्पन्न गर्नु र सोही अनुसार आफू कर्मशील भईरहँदा आफ्नो मनमा जुन प्रशन्नता उत्पन्न हुन्छ र फलस्वरूप सुखानुभूति हुन्छ, यसैलाई अनवज्ज सुख भनिन्छ ।

बौद्ध साहित्यमा संसारलाई हिलोको प्रतिकको रूपमा लिईएको छ । हिलोमा प्रायः ज्यादै नराम्रा कुराहरू मात्र हुन्छ । तसर्थ यस्तो हिलो मैलोबाट माथि

उठ्नसक्नु पर्दछ । जसरी हिलोमा फल्ने कमलको फूलले हिलो माथिबाट सारा जगतप्राणीलाई शुद्धताको सन्देश दिइरहेको हुन्छ, त्यसरी नै व्यक्तिले पनि यस दुषित हिलोरूपी संसारको दुष्कर्मबाट अलग्ग रहेर कुशल कर्म अभिवृद्धि गर्दै आफ्नो जीवनलाई शरीर, वचन र मनबाट हुन जाने अकुशल कर्मबाट वञ्चित गर्नुपर्दछ । यसको अलावा कर्मशील भएर जीवन व्यतित गर्देगर्दा प्राप्त गर्न सक्ने सुख साँच्चिकै अनवज्ज सुख हो । अत्तानुवाद भय, परानोवाड भय, दण्ड भय र दुर्गति भयबाट मुक्त हुनको निति सदा अनवज्ज सुख प्राप्त गर्न तयार हुनुपर्दछ । उपरोक्त गृही सुखको बारे भगवान् बुद्धले अनाथपिण्डिक महाजनलाई गृहस्थीहरूले जान्नुपर्ने सुखको रूपमा धर्म देशना गर्नु भएको कुरा बौद्ध साहित्यमा उल्लेख छ ।


■

# निर्वाण नै महासुख



✍ विद्याकुमारी बज्राचार्य

अप्रमादी जीवन नै सुख
प्रमादी जीवन नै महादुख
निरोगी हुनु नै महालाभ
राम्रो कर्म रोप्दै जानु नै सुलाभ
सुविचार गर्नु नै अत्यन्त सुख्
आवश्यक वस्तुको परिपूर्ति नै सुख
असल कार्यमा जुटिरहनु नै सुख
अरूको लागि आवश्यक सहयोग गर्नु नै सुख
सन्तोषी सदा सुखी, असन्तोषी सदा दुखी
विश्वासी कल्याणमित्र हुनु नै सुखी
क्षमताको विकास नै सुख
निर्वाण प्राप्त गर्न सक्नु महासुख





**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**

**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**


VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4226825 / 4244173

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# श्रद्धेय रत्नमञ्जरी गुरुमांको १२ औं पुण्य तिथि



पुण्यानुमोदन गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां

*२०८१ आश्विन १३ गते, मंगलवार ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन वरिष्ठ विपश्यनाचार्य श्रद्धेय रत्नमञ्जरी गुरुमांको १२ औं पुण्यतिथिको उपलक्ष्यमा प्रव्रजित गुरुमां समूहले महापरित्राण सामूहिक पाठ सम्पन्न गरिएको छ । श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा धर्मकीर्ति पुलांपुचः र श्रद्धेय रत्न मञ्जरी गुरुमां स्मृति कोषबाट जलपान र भोजनको प्रायोजन गरी पुण्य सञ्चय गरिएको थियो । कार्यक्रममा श्रद्धेय रत्नमञ्जरी गुरुमां स्मृति कोषबाट आमन्त्रित सबै प्रव्रजित गुरुमांहरूलाई दानप्रदान गरियो । यसरी नै धर्मकीर्ति विहारका आवासिय गुरुमां एवं अन्य गुरुमांहरूबाट र श्रद्धालु उपासक उपासिकाहरूबाट पनि श्रद्धेय रत्नमञ्चरी गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरी पुण्य सञ्चय गरिएको थियो । कार्यक्रमको अन्त्यमा श्रद्धेय रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा श्रद्धेय धम्मवती गुरुमां लगायत कार्यक्रममा उपस्थित सबै प्रव्रजित गुरुमांहरू र उपासकोपासिकाहरूले सामूहिक पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।



पाठ श्रवण गर्नुहुँदै श्रद्धालु उपासक उपासिकाहरू

**<u>बुद्धहरूको उपदेश</u>**

– **"जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।"**

## २२८६ औं शस्त्र परित्याग दिवस

*२०८१ आश्विन २६ गते, शनिवार, बिजयादशमी ।*
*स्थान- नगदेश बुद्ध विहार, धम्महल ।*

यसदिन नगदेश बौद्ध समूहको आयोजनामा २२८६ औं शस्त्र परित्याग दिवस कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार सम्राट अशोकले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको अमूल्य योगदानलाई स्मरण गरी नगदेश बौद्ध समूहबाट आयोजित यस कार्यक्रममा प्रमुख अतिथि गौतमी गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने समूका कोषाध्यक्ष उपासक रत्न भक्त हाँयुजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा समूहका अध्यक्ष एवं मध्यपूर थिमी नगरपालिका वडा नं. ७ नगदेशका अध्यक्ष उपासक कृष्ण कुमार प्रजापतिले शस्त्र परित्याग दिवसको सन्दर्भमा मन्तव्य व्यक्त गर्नुहुँदै मगध नरेश सम्राट अशोकले बुद्ध शिक्षा पालन गर्नु अगाडि एक क्रूर शासकको रूपमा राज्य शासन चलाएको कारणले उनको नाम चन्द अशोक रहन गएको थियो भने जब उनले कलिङ्ग युद्ध गरी थुप्रै मानिसहरूको हत्या भएको कारणले उनले आत्मालोचना गरी बुद्ध शिक्षा सिक्ने मौका प्राप्त गरेर विजयादशमीको दिन शस्त्र परित्याग गरी धार्मिक तरिकाले शासन चलाउँदै जनसेवा र धर्म सेवा गर्न सक्षम भए तब उनको नाम चन्द अशोकबाट धम्म अशोकको रूपमा परिणत भएको विजयलाई उल्लेख गर्नुभयो । मन्तव्य व्यक्त गर्ने क्रममा उहाँले धम्म अशोकले राज्याभिषेक भएको बीसौं वर्षमा पवित्र पावन लुम्बिनीमा धर्म यात्रा गरी शीलास्तम्भ खडा गर्ने पवित्र कार्य गरेको स्मरण गर्नुहुँदै उक्त शीलास्तम्भमा पाली भाषामा र ब्राह्मी लिपिमा "देवानं पियदस्सिन लाजिन" र "हिद भगवं जातेति गामे" भनी उल्लेख गरिएको विषयमा विवरण दिनुहुँदै सम्राट अशोक देवताहरूका प्रिय धर्म सम्राट बन्न सफल भएको प्रमाण दिनुभयो ।"

कार्यक्रममा समूहका पूर्व अध्यक्ष उपासक दीपकराज साँपाल, समूहका सदस्य उपासक दिल कृष्ण प्रजापतिले पनि मन्तव्य व्यक्त गर्नु भएका थिए । कार्यक्रमका प्रमुख अतिथि श्रद्धेय गौतमी गुरुमांले पनि सम्राट अशोकको जीवनी र धर्मक्षेत्रमा उहाँको अमूल्य योगदान बारे चर्चा गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा कार्यक्रमका सभापति समूहका उपाध्यक्ष बाबुराम दुवालले कार्यक्रमका प्रमुख अतिथि लगायत उपस्थिति आमन्त्रित सम्पूर्ण महानुभावहरूलाई साधुवाद व्यक्त गरी सभा विसर्जन गर्नुभयो भने अन्त्यमा सामूहिक पुण्यानुमोदन गरियो ।

❀

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

*२०८१ कार्तिक ९ गते, शुक्रवार*
*स्थान- बुद्ध विहार, भृकुटीमण्डप, प्राङ्गण*

बुद्ध विहार भृकुटीमण्डपमा विहार प्रमुख भिक्षु कौण्डञ्य महास्थविर, भिक्षु सुद्धिको र भिक्षु बुद्धदत्तबाट वर्षावास पूरा गर्नुभएको उपलक्ष्यमा भिक्षु महासङ्घको तर्फबाट अहोरात्र महापरित्राण पाठ सम्पन्न भएको समाचार छ। प्राप्त समाचार अनुसार यस कार्यक्रममा बुद्ध विहार परिवारबाट धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई निमन्त्रणा गरी भजन प्रस्तुत गराइयो । बुद्ध विहार परिवारबाट आयोजित यस कार्यक्रममा भजन समूहलाई खाडा अर्पण गरी स्वागत गरियो भने विहार प्रमुख श्रद्धेय भिक्षु कौण्डञ्ञबाट धर्मकीर्ति भजन समूहलाई मैत्रीपूर्ण सहयोगको रूपमा रु. १०,०००/- रकम चन्दा प्रदान गर्नुभएको थियो । यसरी नै धर्मकीर्ति बौद्ध भजन समूहको तर्फबाट सचिव प्रेमलक्ष्मी तुलाधरले बुद्ध विहारको लागि जप गर्ने चैत्य मैत्रीपूर्ण उपहारको रूपमा प्रदान गर्नुभयो ।

❀

## २६०७ औं संकाश्य दिवस

*स्थान- नगदेश बुद्ध विहार, धम्महल*

नगदेश बौद्ध समूहको आयोजनामा "२६०७ औं संकाश्य दिवस" कार्यक्रम सञ्चालन गरिएको समाचार प्राप्तभएको छ। प्राप्त समाचार अनुसार शील प्रार्थना पश्चात् बुद्ध पूजा गरी नगदेश बौद्ध समूहका उपाध्यक्ष बाबुराम दुवालको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा उपासक रत्नभक्त हाँयुजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नगदेश बौद्ध समूहका अध्यक्ष एवं मध्यपुर थिमी न.पा. वडा नं ७ का वडा अध्यक्ष उपासक कृष्ण कुमार प्रजापतिले संकाश्य दिवसको विषयमा चर्चा

गर्नुभयो । भगवान् बुद्धले उहाँका माता महामायादेवी (परलोक भएपछि तुसिता भूवनमा सन्तुस्सित देवपुत्रको रूपमा जन्मनु भएको) लाई त्रावतिंस देवभूवनमा आमन्त्रण गरी ३ महिनासम्म अभिधर्म देशना गर्नुभएको थियो भने उक्त अमूल्य धर्मदेशना सुनी सन्तुस्सित देवपुत्रले धर्मवोध गर्न सफल भएको घटना उल्लेख गरिएको छ । यसरी भगवान् बुद्धले सातौं वर्षावास त्रावतिंस देवलोकमा बिताउनु भई ३ महिनासम्म अभिधर्म देशना गरी आफ्नी मातालाई धर्मबोध गराई मातृऋण तिर्न सफल हुनुभएको थियो । असार पूर्णिमाको दिन त्रावतिंस देवलोकमा अभिधर्म देशना गरी आश्विन पूर्णिमाको दिन त्रावतिंस देवलोकबाट भारतस्थित संकाश्य नगरमा पदार्पण गर्नुभएको कारणले यस आश्विन पूर्णिमाको दिनमा शंकाश्य दिवसको रूपमा मनाउने गरिन्छ ।

## लेखक, पाठक एवं ग्राहक वर्गहरूमा हार्दिक अनुरोध

- 'धर्मकीर्ति' पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू **e-mail** वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला ।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ । तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस् ।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्छौं ।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि **gurumawiryawati@gmail.com** **subhawati26@gmail.com** मा e-mail गर्न सकिने छ ।

**धर्मकीर्ति विहार परिवार, फोन नं. ०१-५३५९४६६**



दिवंगत श्रद्धेय रत्नमञ्जरी गुरुमां

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८१/०८२)

# साधुवाद !



## श्रद्धेय धम्मवती गुरुमां

सासनधज धम्माचरिय

अग्गमहा गन्थवाचक पण्डित

धर्मकीर्ति पत्रिका वर्ष ४२, अङ्क ८ को रङ्गिन कभर (४ पेज)
श्रद्धेय **धम्मवती गुरुमां**बाट धर्मदान गरी पुण्य सञ्चय गर्नुभएको छ ।
श्रद्धेय धम्मवती गुरुमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी
उहाँले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानले अझ निरन्तरता
कायम राख्न सकुन् भन्ने कामना गर्दै
उहाँको यस धर्मदानलाई साधुवाद व्यक्त गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः, नघः

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com